रोगबाट बच्ने उपायहरू
- खाना खानु र खुवाउनु अघि,
- खाना पकाउनु अघि र पछि,
- बाहय जुनसुकै वस्तु छोएपछि,
- चर्पी प्रयोग गरेपछि,
- बच्चाको दिसापिसाब सफा गरेपछि,
- फोहोर कुरा छोएपछि,
**साबुनपानीले मिचिमिची हात धोऔं, रोगबाट बचौं र बचाऔं ।**
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय ‘क’ वर्ग
epateekdaily.com

जनहितमा जारी सन्देश
- आफ्नो घर सफा राखेजस्तै आफ्नो शहर पनि सफा राखौं ।
- घर सफा भयो भने रोग लाग्दैन, शहर सफा भयो भने प्रदूषण हुँदैन, रोगवाहक कीरा-फटयाङ्ग्रा हुर्कंदैनन् ।
- सफा रहनु देवत्व हो, फोहर दानवी प्रवृत्ति हो ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३८ ❖ २०८१ असोज १० गते बिहीवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2024 September 26 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३९

## आगामी सरकार काङ्ग्रेस नेतृत्वको –सभापति देउवा

प्रस, वीरगंज, ९ असोज⁄

नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले आगामी सरकारको नेतृत्व नेपाली काङ्ग्रेसले गर्ने बताएका छन् ।



वीरगंज महानगर–२४ रामगढवास्थित नेका पर्साको आत्माराम ओझा–दुखा सहनी स्मृति भवनको बुधवार उद्घाटन गर्दै उनले ओझा र सहनी नेपाली काङ्ग्रेसका सपूत भएको बताए ।

उनले पर्सा जिल्ला नेपाली राजनीतिकमा ऐतिहासिक जिल्ला भएको र २००७ सालको क्रान्तिको पहिलो बिगुल यही जिल्लाबाट फुकिएको बताए । उनले पर्सा जिल्लाको विकासका लागि थुप्रै योजना सञ्चालनमा रहेको बताए । सभापति देउवाले पर्सा जिल्लाको सडक सञ्जाल विस्तार भएको बताए ।

उनले नेता तथा कार्यकर्ताहरूलाई एकजुट भएर अगाडि बढ्न सुझाए । एकताबद्धरूपमा सबै कार्यकर्ता अगाडि बढेको खण्डमा आगामी सरकार नेकाको नेतृत्वमा बन्ने उनले ठोकुवा गरे ।

केन्द्रीय सदस्य एवं पूर्वमन्त्री रमेश रिजालले जिल्लाका वडादेखि पालिकासम्मको सङ्गठन सुदृढ र मजबूत पार्नुपर्ने बताए । सङ्गठन मजबूत भएको खण्डमा मात्र आगामी चुनाव जित्न सकिने उनले बताए ।

मधेस प्रदेश संयोजक कृष्ण यादवले वडा, पालिक र जिल्ला अनि प्रदेशको विवाद न्यूनीकरण गरेर अगाडि बढेको खण्डमा पार्टीको हित हुने बताए । उनले आपसी विवाद अन्त्य गरी निर्वाचनमा होमिंदा अन्तर्घात र हारको सम्भावना कम हुने बताए ।

पार्टीका उम्मेवारविरुद्ध पार्टीका नेता, कार्यकर्ताहरूले अन्तर्घात गर्ने कार्यले नै काङ्ग्रेसका उम्मेदवारहरू हार्ने गरेका र आज सोही विषयमा आठ जिल्लाका अध्यक्षहरूको पार्टी सभापतिसँग छलफल भएको बताए ।

नेका पर्साका सभापति एवं मधेस प्रदेशका कृषिमन्त्री जनार्दन सिंह क्षत्रीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य एवं सङ्घीय कानूनमन्त्री अजयकुमार चौरसिया, सहमहामन्त्रीद्वय फर्मुल्लाह मन्सुर, उमाकान्त चौधरी, केन्द्रीय सदस्य आनन्द ढुङ्गाना, नगिना यादव, अनिल रूँगटालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा जिल्ला उपसभापति रामनारायण कुर्मीले स्वागत र सचिव एवं वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमले सहजीकरण गरेका थिए ।

## वर्तमान सरकारको कारण देश विनाशतर्फ जाँदैछ –डा राउत

प्रस, वीरगंज, ९ असोज⁄

जनमत पार्टीका अध्यक्ष डा सिके राउतले वर्तमान सरकारले संविधान संशोधनको कुरा उठाएर मधेसी जनतालाई फेरि पनि झुक्याउन खोजेको आरोप लगाएका छन् ।




जनमत पार्टी पर्साले वीरगंजमा बुधवार आयोजना गरेको प्रशिक्षण एवं शुभकामना आदानप्रदान कार्यक्रममा अध्यक्ष डा राउतले अहिलेको सरकार फरक विचार भएका दुई पार्टीबीच बनेकोले यो मिलनबाट देशको विनाश मात्र हुने बताए ।

उनले जसरी आकाश र जमीनको मेल हुन सक्दैन, त्यसैगरी एमाले र नेपाली काङ्ग्रेसबीच मेल हुनै सक्दैन र यो असम्भव कार्य सम्भव भएकोले नै देश अहिले विनाशको बाटोमा गइरहेको दाबी गरे । उनले वर्तमान सरकारले संविधान संशोधनको कुरा उठान गरे पनि त्यसमा विश्वास गर्न नसकिने बताए ।

उनले दुई पार्टीले आपसी कुराको निदान हुनेगरी मध्यरातमा संशोधन गर्ने आरोप पनि लगाए । उनले मधेसी जनताको अधिकार संविधान संशोधनमा सम्बोधन हुने कुरामा अलिकति पनि विश्वास गर्न नसकिने बताए ।

अध्यक्ष डा राउतले मधेसीको अधिकारका लागि अब मुक्तिको आन्दोलन आवश्यक भएको र आफू अहिले सोही प्रयोजनका लागि मेची–महाकाली यात्रामा रहेको बताए । उनले भने, “मधेसी जनताको हकअधिकारको लागि आन्दोलनमा होमिनुको विकल्प छैन ।”

उनले संविधान संशोधन, तराई–मधेसका २२ जिल्ला समेट्ने गरी दुई प्रदेश, जनसङ्ख्याको आधारमा निर्वाचन क्षेत्र र राष्ट्रपति, प्रधानमन्त्री अनि सबै संवैधानिक अङ्गहरूमा जननिर्वाचितको व्यवस्था गरिनुपर्ने बताए । उनले यी चार अधिकार स्थापित गर्न जनमत पार्टीले मुक्तिको आन्दोलन गर्ने बताए ।

जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफको अध्यक्षतामा भएको कार्यक्रममा सङ्गठन विभाग प्रमुख डा जयकान्त राउतले सङ्गठनात्मक प्रतिवेदन पेश गरेका थिए । कार्यक्रममा पर्सा इन्चार्ज माधव सिंह, केन्द्रीय सदस्यहरू सिपु तिवारी, मुकेश द्विवेदी, शशिकपूर मियाँ, अनीता रौनियार, नेजमा खातुनलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा करीमा बेगमले स्वागत गरेकी थिइन् ।

## मधेस सरकारको सय दिन
## सबै क्षेत्रमा प्रगति गरेको मुख्यमन्त्रीको दाबी

प्रस, वीरगंज, ९ असोज⁄

मधेस प्रदेश सरकारले सय दिनको उपलब्धि बुधवार सार्वजनिक गरेको छ । सय दिन पूरा गरेको अवसरमा आज बिहान पत्रकार सम्मेलन गरी मुख्यमन्त्री सतीशकुमार सिंहले सय दिनको अवधिमा प्रदेशमा शिक्षा, स्वास्थ्य, कृषि, खेलकूद, श्रम बजारलगायतका क्षेत्रमा सुधार भएको दाबी गरे ।

स्थानीय तहबाट मधेस प्रदेश सरकार मातहत हस्तान्तरण भई आएका चारवटा अस्पताल पर्साको पोखरिया, सर्लाहीको धनकौल, सप्तरीको भारदह र धनुषाको डुमरिया अस्पताल स्तरोन्नति गरेर अहिले सञ्चालन हुने अन्तिम तयारीमा रहेको र विभिन्न स्वास्थ्य संस्थामा पठाउन चार सयभन्दा बढी दरबन्दी सिर्जना गरिएको मुख्यमन्त्री सिंहले बताए । उनले स्वास्थ्य संस्थाका लागि थप विषयगत दरबन्दी सिर्जना तथा स्रोत सुनिश्चितताको कार्य अगाडि बढाइएको सार्वजनिक गरेको उपलब्धिपत्रमा उल्लेख गरेका छन् ।

यस्तै, मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानमा तीन सय शय्या थप गरिएको र एमबिबिएस कार्यक्रमका लागि ५० सिट आरक्षित गरिएको पनि प्रदेश सरकारको उपलब्धिमा उल्लेख छ । विभिन्न अस्पतालहरूमा उपकरणहरू वितरण र स्तरोन्नति गर्दै स्वास्थ्य सेवा सुधारका लागि चार सयभन्दा बढी दरबन्दी सिर्जना गरिएको मुख्यमन्त्री सिंहले पत्रकार सम्मेलनमा बताए ।

मधेस सरकारले श्रम बजार सुधारका लागि दुई सय कम्पनीलाई लक्षित गरी सर्वेक्षण गरेको र बेरोजगार जनशक्तिलाई आवश्यक तालीम दिएर रोजगार सिर्जना गर्न पहल थालेको उनले बताए । यातायात क्षेत्रमा सुधार, सवारीचालक अनुमतिपत्रका समस्याहरू समाधान गरेको, सवारीसाधन अभिलेखको डिजिटलाइजेशनले सेवा छरितो र प्रभावकारी भएको सय दिनमा गरेको उपलब्धिमा मधेस सरकारले उल्लेख गरेको छ ।




कमला नदीको बाढीका कारण बगर बनेको १५ हजार बिघा जमीनलाई कृषिमा उपयोग गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)को तयारी भइरहेको मुख्यमन्त्री सिंहले बताए । डेढ लाख मेट्रिक टन रासायनिक मलको समयमैं वितरण गरिएको, भेटेरिनरी सेवा र मत्स्य उत्पादनमा महत्त्वपूर्ण योगदान पुऱ्याइएपछि ५० हजारभन्दा बढी किसान लाभान्वित भएको उनले पत्रकार सम्मेलनमा जानकारी गराए ।

यसैगरी, पशु बीमा, निर्वाचन क्षेत्र लक्षित कृषि विद्युतीकरण कार्यक्रम, कृषि उत्कृष्टता केन्द्र, हरेक पालिका एक एग्रोभेट कार्यक्रम र बजारसँगै १६ ठाउँमा शीतभण्डार, भेटेरिनरी एम्बुलेन्स, भेटेरिनरी अस्पताललगायतका महत्त्वपूर्ण योजना अघि बढाएर कृषि क्षेत्रलाई प्राथमिकतामा राखिएको मुख्यमन्त्री सिंहले बताए ।

उनले प्रदेश सरकारले व्यापार–व्यवसायसम्बन्धी विधेयक, २०८० पेश गर्ने तयारी गरेको र बजार अनुगमन निर्देशिका निर्माण गरी उपभोक्ता हितलाई सुनिश्चित गर्दै घरेलु तथा साना उद्योगलाई प्रोत्साहन दिन सीप विकास तालीम सञ्चालन गरिएको बताए । सिमेन्ट उद्योगहरूको कर अनुगमन गर्दै राजस्व वृद्धि गर्ने योजना अघि सारिएको सरकारले गरेका उपलब्धिमा समावेश छ ।

लागूऔषध दुर्व्यसनमुक्त अभियान अन्तर्गत सुधार केन्द्रको स्थापना गरिएको र सुरक्षासम्बन्धी निकायहरूलाई सबलीकरण गर्न आवश्यक सामग्रीहरू प्रदान गर्दै अपराध नियन्त्रणमा योगदान पुऱ्याइएको उनले बताए । यस्तै, भौतिक पूर्वाधारतर्फ एक निर्वाचन क्षेत्र एक पक्की पुल निर्माणको लागि ठेक्का प्रक्रिया अघि बढाइएको बताउँदै मुख्यमन्त्री सिंहले प्रदेशको ८७५ हेक्टर सार्वजनिक स्थलमा वृक्षारोपण गरिएको जानकारी दिए ।

## नेपाल पत्रकार महासङ्घको निर्वाचन फेरि सऱ्यो

प्रस, वीरगंज, ९ असोज⁄

नेपाल पत्रकार महासङ्घको असोज १२ गते हुने भनिएको केन्द्र, प्रदेश र जिल्लाहरूको निर्वाचन फेरि पनि सरेको छ ।

महासचिव रोशन पुरीले बुधवार विज्ञप्ति जारी गर्दै असोज १२ गते तोकिएको निर्वाचन पनि हुन नसक्ने परिस्थिति सिर्जना भएको जानकारी गराएका छन् ।

उनले २७औं महाधिवेशनपछि उत्पन्न विशेष परिस्थितिपछि २०८१ जेठ २६ गते, असार २२ र असोज ५ गते घोषणा गरिएका तीनवटा निर्वाचन तोकिएको मितिमा हुन नसकेको विषम परिस्थितिमा अध्यक्ष विपुल पोखरेलले गत भदौ २४ गते पदबाट राजीनामा दिएका र उनको अनुपस्थितिमा वरिष्ठ उपाध्यक्ष रमेश विष्टले कार्यवाहक अध्यक्षको जिम्मेवारी वहन गरी असोज १२ गतेका लागि निर्वाचन मिति घोषणा गरेकामा उनले पनि अकस्मात् राजीनामा दिएपछि झनै जटिल मोडमा आइपुगेकोले असोज १२ गते तोकिएको निर्वाचन पनि हुन नसक्ने परिस्थिति सिर्जना भएको विज्ञप्तिमा उल्लेख छ ।

मतदाता नामावलीसम्बन्धी विवाद र मतभेदकै बीचमा महासङ्घका ५३ शाखाका अध्यक्षहरूले विवाद निरूपणका लागि राष्ट्रिय भेलाको माग गर्दै केन्द्रीय समितिलाई ज्ञापनपत्र बुझाएका र सो सन्दर्भमा आज कार्यवाहक अध्यक्ष बाला अधिकारीको अध्यक्षतामा केन्द्रीय समिति, प्रदेश समिति अध्यक्ष र जिल्ला अध्यक्षहरूको परामर्श भेला भौतिक तथा भर्चुअल माध्यमबाट सम्पन्न भएको बताएका छन् ।

उनले कार्यवाहक अध्यक्ष


नेपाल पत्रकार महासङ्घको भर्चुअल छलफलमा सहभागी पर्साका अध्यक्ष अनुप तिवारी कार्यवाहक अध्यक्ष बाला अधिकारीसँग । तस्वीरः प्रतीक

अधिकारीको अध्यक्षतामा सम्पन्न केन्द्रीय समितिको बैठकले जिल्ला⁄प्रदेश अध्यक्षहरूको सल्लाह, सुझाव, परामर्शलाई समेत दृष्टिगत गरी महासङ्घको विधान २०६० (पाँचौं संशोधन २०७५) को धारा ३५ को उपधारा ७ अनुसार यही असोज १९ गतेका दिन जिल्ला तथा प्रदेश अध्यक्षहरूको राष्ट्रिय भेला गर्ने निर्णय गरेको बताएका छन् । महासचिव पुरीले भेलाको स्थान यथाशीघ्र जानकारी गराइने बताए ।

यसैगरी, सदस्यतामा देखिएको विवादका सन्दर्भमा २७औं महाधिवेशनबाट पारित शुद्धीकरण मापदण्डलाई आधार मानी केन्द्रीय समितिलाई दिशानिर्देशसहित विवाद समाधानमा सहजीकरण गर्न पूर्वसभापति डा सुरेश आचार्यको संयोजकत्वमा पूर्वअध्यक्षहरू तारानाथ दाहाल, विष्णु निष्ठुरी, धर्मेन्द्र झा, शिव गाउँले, डा महेन्द्र विष्ट र गोविन्द आचार्यलाई आग्रह गर्ने निर्णय गरिएको बताए । उनले विज्ञप्तिमार्फत आजको बैठकले अध्यक्ष पोखरेल र कार्यवाहक अध्यक्ष विष्टको राजीनामा अनुमोदन गरेको बताए ।

## १० जना फरार प्रतिवादी पक्राउ

प्रस, वीरगज, ९ असोज⁄

पर्सा जिल्ला अदालतबाट दण्ड जरिवाना भएपछि फरार रहेका १० जनालाई जिल्ला प्रहरी कार्यालय, पर्साले पक्राउ गरी अदालतमा हाजिर गराएको छ ।

जिप्रका, पर्साले मङ्गलवार राति विभिन्न स्थानबाट फरार सूचीमा रहेका १० जनालाई पक्राउ गरेको र बुधवार उनीहरूलाई पर्सा जिल्ला अदालतमा फैसला कार्यान्वयनका लागि हाजिर गराएको पर्सा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए ।

अदालतको फैसलापछि लुकीछिपी बस्दै आएका वीरगंज महानगर–८ निवासी सन्ध्यादेवी कानू, बहुदरमाई नपा–८ नगरदाहा निवासी बैधनाथसाह तेली, प्रमोदसाह तेली, नगिनादेवी साह, अमर प्रसाद, पटेर्वासुगौली गापा–५ निचुटा निवासी पारस गिरी, पकाहामैनपुर गापा–२ निवासी खुतिनी बादजी र पोखरिया निवासी रामप्रसाद महतो धानुक र माया देवीलाई हिजो राति विभिन्न स्थानबाट पक्राउ गरिएको प्रवक्ता गिरीले बताए ।

पक्राउ परेकामध्ये सातजना कुटपिट, दुईजना जालसाजी र एकजना किर्ते मुद्दाका आरोपित रहेका प्रवक्ता गिरीले जानकारी गराए ।

**विचारसार एवं सूक्तिहरू**

**दुईवटा बानी बसाल : कसैको मदत गर, अन्यथा कसैलाई हानि नपुऱ्याऊ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# मुलुक आत्मनिर्भर ?

**'आत्मनिर्भर' भनेको आफैंमा निर्भर रहने, बाह्य सहयोगविना आफ्ना आवश्यकताहरू पूरा गर्ने क्षमता हो । त्यो क्षमता आफ्नै स्रोत र क्षमता प्रयोगमा ल्याउनु 'आत्मनिर्भरता' हासिल गर्नु हो । मुलुकका पूर्वप्रधानमन्त्री तथा वर्तमान अवस्थामा मुलुकको सबैभन्दा ठूलो पार्टी सत्तासाझेदार नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाले 'शिक्षा र स्वास्थ्यमा नेपाल आत्मनिर्भर बन्दैछ' भनेका छन् । यसो हुनु मुलुकको लागि धेरै महत्त्वपूर्ण उपलब्धि हो । मानवजीवनको अति आवश्यक पक्ष शिक्षा र स्वास्थ्य हुन् भने समुन्नत राष्ट्रनिर्माणका विभिन्न पक्षहरूमध्ये शिक्षा र स्वास्थ्य अति आवश्यक पक्ष हुन् । तर यी दुई पक्षमा आत्मनिर्भरता त्यति सहज छैन । कुनै पनि मुलुक शिक्षामा आत्मनिर्भर भएको तब मान्न सकिन्छ, जब त्यहाँको साक्षरता दर ९५ प्रतिशतभन्दा माथि हुन्छ । प्राथमिक र माध्यमिक विद्यालयमा बालबालिकाको पहुँचको स्तर ९० प्रतिशतभन्दा बढी चाहिन्छ । त्यसैगरी, सीपमा प्रयोग हुन सक्ने अर्थात् स्वरोजगार सृजना गर्न सक्ने र अन्तर्राष्ट्रिय मापदण्ड पनि पूरा भएको प्रतिस्पर्धात्मक शिक्षा हुनुपर्छ । मुलुकका सबै क्षेत्र, समुदाय, वर्गका विद्यार्थीहरूको लागि राज्यले शिक्षामा सुनिश्चितता दिएको अवस्थालाई शिक्षामा आत्मनिर्भरताको पहिचान सङ्केत मान्न सकिन्छ ।**

**सङ्केत पूरा हुनका लागि सबैभन्दा पहिले 'अनिवार्य शिक्षा, सबैको लागि शिक्षा र सोको निमित्त व्यावसायिक तथा व्यावहारिक साथै समावेशी शिक्षा नीति' हुनुपर्छ । जसले शिक्षामा सबैको पहुँच सुनिश्चित गर्छ । नीति निर्माणमा समस्या छ भने त्यसलाई फुकाएर अगाडि बढ्न सक्नुपर्छ । मुलुकका सबै शैक्षिक संस्थानमा उपयुक्त भौतिक संरचना, पुस्तकालय र डिजिटल स्रोतहरूको उपलब्धता, योग्य र प्रशिक्षित शिक्षकहरू अनि प्रभावकारी शिक्षण विधि अनिवार्य छ । त्यसैगरी, शिक्षामा अभिभावक र स्थानीय समुदायको प्रत्यक्ष सहभागिता र समर्थन हुनुपर्छ । सरकारी र निजी क्षेत्रबाट शिक्षामा लगानी र सहकार्य हुनुपर्छ, जहाँ आधुनिक प्रविधिको समावेशी प्रयोग भएको हुनुपर्छ, तब मात्रै त्यसले परिणाम उच्च दिने हो । आत्मनिर्भर भयो, भएन भन्ने कुराको कसी परिणाम हो ।**

**शिक्षामा जस्तै स्वास्थ्यमा मुलुक आत्मनिर्भर बन्नका लागि धेरै मापदण्ड पूरा भएको हुनुपर्छ । पालिकास्तरमा आधारभूत अस्पतालहरू बन्नु स्वास्थ्यमा आत्मनिर्भर बन्न आवश्यक पक्षमध्ये एक हो । तर पालिकास्तरमा अस्पताल भवन बन्दैमा मात्रै मुलुक स्वास्थ्यमा आत्मनिर्भर बन्न सक्दैन । शिशुदेखि ज्येष्ठ नागरिकसम्मका हरेक व्यक्तिलाई स्वास्थ्यमा सहज पहुँच हुनुपऱ्यो । अर्थात् मुलुकका सबै भूगोल, क्षेत्र, भाषा, धर्म, वर्ग, समुदाय र सम्प्रदायका कुनै पनि व्यक्ति उपचारको अभावमा मृत्युवरण गर्न नपरोस्, स्वदेशमा हुने उपचार पद्धति र तरीकाहरू अन्तर्राष्ट्रियस्तरको रहोस्, तब मात्रै स्वास्थ्यमा आत्मनिर्भर हुनै लाग्यो भन्न सकिन्छ । मुलुकका धेरै क्षेत्र शिक्षा र स्वास्थ्यबाट वञ्चित छन् । सरकारले [redacted] सरकारी स्वास्थ्य संस्थाहरूमा अझै [redacted] धनी र गरीबबीच ठूलो खाडल [redacted] लागि शिक्षा हुनुपर्नेमा पक्षपातपूर्ण [redacted] शिक्षा र स्वास्थ्यमा नेपाल [redacted] पनि आत्मनिर्भरतातर्फ लाग्न [redacted] हुन्छ ।**

# त्रासद वर्तमान र मौन यथार्थ

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**युद्ध विभीषिका विश्वमा धेरै ठाउँमा छरिएको छ र यसको सन्त्रास सर्वत्र व्याप्त छ । युद्धको दृश्य कारण र अदृश्य कारण सबैलाई थाहा नहोला तर युद्धको दृश्य र अदृश्य परिणाम भने सबैलाई थाहा हुन्छ ।**

एउटा पुरानो भनाइ छ–प्रेम र युद्धमा सबै कुरा जायज हुन्छ । यस भनाइको परीक्षण सम्पूर्णरूपमा सम्भव छैन । यदि कोही युद्धको सम्पूर्ण परीक्षण गर्दछ भने कुनै एक कारणले युद्ध भएको हुँदैन वा युद्धले कुनै एक परिणाम मात्र दिंदैन । अनि प्रेम त अपरिभाषेय छ । यसैले कतिपयले प्रेमलाई पनि युद्धको संज्ञा दिन्छन् । यदि कोही मानिस प्रेममा परेको छ भने उसले आफ्नो प्रेमको लागि निकै धेरै कुरा समर्पण गर्न सक्छ । चाहे त्यो प्रेम कुनै व्यक्तिप्रति होस् वा आफ्नो विचार वा वस्तु तथा जन्तुप्रति । को कति प्रेम गर्दछ भन्नुको तात्पर्य यो पनि हो कि को कति युद्ध गर्न सक्छ । को कति त्याग गर्न सक्छ । उसो भए युद्ध पनि त्याग हो त ?

अहिले विश्वमा युद्ध भइरहेका छन् । विश्वका धेरै देश युद्धमा प्रत्यक्ष संलग्न छन् । यसैगरी कतिपय देश चाहिं युद्धमा सहभागी भएको देशलाई सहयोग गरिरहेका छन् । युद्धबारे अनेक किसिमका आरोपहरू लाग्छन् । अनेक किसिमका समाचारहरू आइरहन्छन् । युद्धको विषयमा, युद्धसित सम्बन्धित र युद्धबाट सिर्जित समस्याबारे विश्व जानकार नभएको होइन । युद्धले त्यहाँको समाजलाई फाइदा दिइरहेको होला भन्ने लागेको छैन किनभने मिडिया र सामाजिक सञ्जालमा आएका कतिपय चित्र तथा भिडियोहरूमा विध्वंस मच्चिएको देखिन्छ । कति धेरै परिश्रम र लगानीका साथ रहरले निर्मित संरचनाहरू ध्वस्त भएका छन् । पछिल्लो समयमा जुन युद्ध चर्किरहेका छन्, त्यसका कारण हजारौं मानिसको मृत्यु भइसकेको छ ।

मानिसको मृत्युलाई निकै गम्भीरतापूर्वक लिनुपर्छ । आखिर कुनै पनि देशले आफ्नो देशको विकास गर्नुको अर्थ त्यहाँको नागरिकलाई सुविधा नै प्रदान गर्नु हो । देशको नागरिकलाई सुरक्षा दिनु हो । देशको नागरिकलाई सुरक्षा दिनको लागि युद्ध गर्नुपर्दा सुरक्षाकै नाममा नागरिक मारिन्छन् । यो कस्तो सुरक्षा हो ? सुरक्षा भन्दै मृत्युवरण गर्न बाध्य पारिंदैछ । यति मात्र नभएर देशभरिका नागरिकमा त्रासको वातावरण सिर्जना भइरहेको छ । अलिकति विस्तारित दृष्टिकोणले विचार गर्ने हो भने उक्त त्रास कुनै एक देशको सीमा नाघेर संसारका हरेक बुद्धिजीवीसम्म आइपुगेको छ । युद्धको कुनै न कुनै प्रभावबाट विश्वको हरेक नागरिक प्रभावित भइरहेको छ वा भइसकेको छ तथा युद्ध जारी रहँदा अझै भइरहने छ ।

जब युद्ध शुरू भएको थियो तब लगातार पेट्रोलियम पदार्थको भाउ बढेको थियो । सबैले बुझेको कुरा हो कि जब इन्धनको मूल्य बढ्छ, तब सवारी साधनको सञ्चालन खर्च बढ्छ र त्यसको प्रभावले भाडामा वृद्धि हुन्छ । भाडामा वृद्धि हुनुको अर्थ हुन्छ वस्तुको मूल्यवृद्धि । अनि मूल्यवृद्धिको कारण बढ्ने फेरि गरीबी नै हो । इन्धनको मूल्य घट्दा भाडा समायोजन भने हुँदैन । फाइदा हुन्छ, पूँजीपतिवर्गलाई । समस्या हुन्छ निम्नवर्गीय मानिसलाई । मूल्यवृद्धिले हरेक घर र व्यक्ति प्रभावित छ, पछि पनि हुनेछ । मूल्यवृद्धिमा युद्धको प्रभाव कति रहेको छ भन्ने कुरालाई पनि छुट्याउन सकिन्छ तर प्रभाव अवश्य रहेको छ ।

संसारका हरेक बुद्धिजीवी युद्धको सन्त्रासले स्तब्ध छ । एक्कासि गर्मी बढेपछि धेरैले युद्धकै कारण हो भनेर पनि विश्लेषण गरे । विश्वव्यापी तापीकरणले अब नेपाल पनि धेरै प्रभावित हुन थालेको बताइन्छ । विध्वंस र विस्फोटका चित्रहरू सार्वजनिक भइरहँदा धूवाँका मुस्लाहरू पनि आकाशतिर गइरहेका देखिन्छन् । ती विध्वंस र धूवाँका मुस्लाहरूले वातावरणलाई पनि नोक्सान पुऱ्याइरहेका छन् । वातावरणको नोक्सानले विश्वको कुनाकुना प्रभावित पारिरहेको यथार्थ हो । अनि वातावरणप्रति सचेत नागरिकले चिन्ता र चिन्तन गर्नु स्वाभाविक हो । आफ्नो चिन्ताले विश्वमा कुनै असर नगरे पनि यस किसिमको चिन्ताले विश्वव्यापी आकार लिइरहेको छ । अहिलेको समयमा मानिसमा चिन्ता बढ्दै जाने थप कारण पनि छ ।

युद्धको सन्त्रास अन्यत्र पनि विस्तार भइरहेको छ । युद्ध कतै अझ नजीक पो सर्ने हो कि ? यस किसिमको सन्त्रासले यसकारण पनि चिन्ता बढाएको छ कि पहिलेदेखि चलिरहेका युद्धहरू समापन हुने निकट भविष्यमा कुनै आशा देखिएको छैन । युद्ध लम्बिइरहँदा फेरि अर्को युद्धको सन्त्रास बढ्नु भनेको दुनियाँमा खतराको चिन्ता बढ्नु हो । विश्वका धेरै देश प्रत्यक्ष वा परोक्ष युद्धरत हुनु वा युद्धोन्मुख हुनुले फेरि महायुद्ध त हुने होइन ? मूल चिन्ताको विषय यो पनि हुन पुगेको छ र मानिसको मनमा अर्को पनि त्रासको बीजारोपण भइसकेको छ ।

अर्थात् युद्धमा होमिएका र होमिन तयार रहेका कतिपय देशसित आणविक अस्त्र छन् । हिरोशिमा र नागासाकीमा परमाणु बम पड्किसकेको समयदेखि अन्य धेरै देशमा यस किसिमको हतियारको विकास भइसकेको छ । युद्धमा अहिले नै संलग्न देशसित पनि यस्ता हतियार छन् । बेलाबेला हल्ला पनि आउने गरेको छ निकै ठूलो सन्त्रासको पोको बोकेर । त्यो भनेको आणविक अस्त्रको परीक्षण युद्धमा हुन गइरहेको आशङ्का । यस किसिमको समाचारलाई झूटो साबित गराउन बौद्धिक मनोविज्ञानले कसरत गर्दछ । सम्भव भएसम्म यस किसिमको समाचार बन्ने कुनै सामग्री नै सञ्चार माध्यमले नपाओस् भन्ने कामना गर्दछ । यस किसिमको कसरत र कामनाले युद्ध रोक्न कुनै सहयोग पुऱ्याउने त होइन । अधिकांश मानिसले युद्ध चाहेको छैन । युद्ध कसैको चाहना होइन, बाध्यतासम्म होला तर जुन बाध्यताले संसारका अधिकांश नागरिकलाई पीडा दिन्छ र जहाँ युद्ध हुन्छ त्यहाँ अनेक मानवीय समस्या आउँछ भन्ने कुरा बुझ्दाबुझ्दै पनि युद्धको वातावरण हटाउन नसक्नु बौद्धिक वर्गको पनि कमजोरी हो ।

अहिले आणविक अस्त्रको सन्त्राससे सबैभन्दा बढी बुद्धिजीवीलाई सताएको छ । आणविक अस्त्रसम्पन्न मुलुकहरू युद्धमा प्रत्यक्ष तथा अप्रत्यक्ष संलग्न छन् । युद्ध भइरहेको छ तर युद्धमा कुनै पनि हालतमा कुनै पनि देशले यस किसिमको घातक अस्त्रको प्रयोग नगरोस् भन्ने कुराको निश्चिन्तता युद्धरत देशहरूबीच हुनुपर्छ । विश्व समुदायले कम्तीमा यस कुरालाई निश्चित गराउनुपर्छ वा निश्चित गर्नु सर्वाधिक महत्त्वपूर्ण हुन्छ कि कुनै पनि मूल्यमा यस किसिमको हतियारको प्रयोग, दुरूपयोग वा उपयोग युद्धक्षेत्र वा अन्यत्र पनि हुनुहुन्न, गर्नुहुन्न । र, सम्भव भएसम्म युद्धको सम्पूर्ण विषय, क्षेत्र वा कारण वार्ता तथा संवादको माध्यमले सुल्झाउनु उचित हुन्छ । वार्ता र संवादका जे जति अवरोधहरू छन्, बिस्तारै हटाउँदै जाने वातावरण बनाउनुपर्छ ।

युद्ध विभीषिका विश्वमा धेरै ठाउँमा छरिएको छ र यसको सन्त्रास सर्वत्र व्याप्त छ । युद्धको दृश्य कारण र अदृश्य कारण सबैलाई थाहा नहोला तर युद्धको दृश्य र अदृश्य परिणाम भने सबैलाई थाहा हुन्छ । युद्धले वर्तमानमा दिने र भविष्यमा दिन सक्ने परिणामको पनि दुनियाँले अनुमान लगाइरहेको छ । अनि युद्धको वातावरणसित सर्वसाधारण सजग रहन चाहन्छ । विश्व शान्ति चाहन्छ । यो चाहनालाई धेरै तत्त्वले बिथोलिरहेका छन् र विश्वमा सन्त्रासको साम्राज्य बिस्तार गरिरहेका छन् । यही सन्त्रासमा आणविक सन्त्रास पनि थपिंदा विश्व समुदायमा चिन्ताको पारो थप बढेको छ । आणविक शक्तिसम्पन्न देशहरूले नै भए पनि, कम्तीमा यस किसिमको एउटा सम्झौता गरून् कि हामी यसको प्रयोग गर्दैनौं र आणविक अस्त्र नभएका विश्वका सारा देश तथा तिनका नागरिकहरूले आणविक शक्तिसम्पन्न देशमाथि दबाब सिर्जना गरून् । विश्वलाई, भूगोललाई, यस संसारलाई, संसारका मानिस र जीवजन्तुलाई भविष्यसम्म पनि सन्त्रासविहीन वातावरणमा बाँच्न पाउने हक प्रदान गर्नुपर्छ । यदि संसारमा आणविक अस्त्रको डर रहेन भने अहिलेको भन्दा मानिसको मनोविज्ञान निकै फरक हुन जान्छ । मानिसको चिन्तन निकै स्वस्थ हुन पुग्छ ।

# विश्व फार्मेसी दिवस: फार्मेसीका समस्या समाधान गर्न दलका नेताको प्रतिबद्धता

काठमाडौं, ९ असोज/रासस

विभिन्न राजनीतिक दलका नेताहरूले फार्मेसी क्षेत्रका समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन् । विश्व फार्मेसी दिवसका अवसरमा बुधवार नेपाल फार्मेसी सङ्घले आयोजना गरेको कार्यक्रममा उनीहरूले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति अमरबहादुर खड्काले फार्मेसीका समस्या समितिमार्फत सामाधानका लागि पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले चिकित्सकको सिफारिशविना फार्मेसिस्टले औषधि बेच्न नहुने भन्दै औषधिपसलमा अनुगमनको आवश्यकता रहेको बताए । "औषधिपसलमा फार्मेसी नपढेकाहरूले पनि औषधि बेच्ने गरेको जनगुनासो छ । औषधि जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले फार्मेसी पढेकाले मात्र औषधि बेचन पाउने व्यवस्थालाई व्यवसायीले पालना गर्न आवश्यक छ," सभापति खड्काले भने । उनले स्वास्थ्य मन्त्रालयलाई स्वास्थ्यसम्बन्धी ऐन, कानून समयसापेक्ष संशोधन, सुधार र परिमार्जनका लागि आफूले पटकपटक आग्रह गरेको उल्लेख गरे ।

नेकपा (एमाले)का सचिव छविलाल विश्वकर्माले चिकित्सक र फार्मेसिस्टबीच समन्वय हुन आवश्यक रहेको बताए । आफ्नो पार्टी फार्मेसीमा देखिएका समस्या समाधानका लागि व्यवसायीसँग छलफल गरेर अगाडि बढ्न तयार रहेको भन्दै उनले औषधि सुरक्षित, गुणस्तरीय र प्रभावकारी हुनुपर्ने कुरामा सम्झौता नगर्न आग्रह गरे ।

नेकपा (माओवादी केन्द्र)का नेता देवन्द्र पौडेलले ज्ञान नभएका मानिसलाई औषधिजस्तो संवेदनशील वस्तु बेच्न दिन नहुनेमा जोड दिए । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की नेत्री सुमना श्रेष्ठले फार्मेसीसम्बन्धी समस्या समाधान गर्न आफूले संसद्मा कुरा उठाउने बताइन् ।

नेपाल औषधि उत्पादक सङ्घका पूर्वअध्यक्ष प्रज्वलजङ्ग पाण्डेले नेपाललाई औषधिमा आत्मनिर्भर बनाउन नेपाली औषधिको खपत बढाउनुपर्ने आवश्यकता औंल्याए । उनले खाद्यपूरक र पोषणपूरकलाई वर्गीकरण गरेर बेच्नुपर्ने बताए । कार्यक्रममा सङ्घका संस्थापक अध्यक्ष अमृत खनालले स्थानीय तहमा सञ्चालित अस्पतालमा फार्मेसी राख्नुपर्ने बताए । सङ्घका अध्यक्ष किरण ढकालले उनले सरकारले अहिले दरबन्दी सिर्जना नगरेको भन्दै तत्काल दरबन्दी सिर्जना गर्नुपर्ने बताए ।


# ३६ घण्टा लामो निर्जल र निराहार उपवासपछि जितिया पर्व सम्पन्न

जलेश्वर, ९ असोज/रासस

मधेसका अधिकांश क्षेत्रमा मनाइने जितिया पर्व बुधवार ३६ घण्टा लामो निर्जल र निराहारपछि सम्पन्न भएको छ ।

सन्तानको दीर्घजीवन तथा पारिवारिक सुख शान्तिका लागि मनाइने जितिया पर्व सोमवारदेखि नै धार्मिक विधि अनुसार शुरू भएको थियो । मङ्गलवार बिहान ४ देखि आज साँझ सवा ५ बजेसम्म व्रतालु महिलाहरू उपवास बसेका थिए ।

यसरी उपवास बसेका महिलाहरूले पोखरी र तलाउ तथा जलाशयमा नुहाएर अन्तिम पूजा गरी दही, चिउरा, अमोट, सख्खर र काँक्रोको प्रसाद चढाएर व्रत सम्पन्न गरेका छन् । यसरी व्रत समापन गर्ने विधिलाई मधेसमा पारण भनिन्छ भने पारण गरेर व्रतालु महिलाहरूले आआफ्ना घरमा देवतालाई चढाएका प्रसाद ग्रहण गर्नुका साथै विभिन्न खानेकुरा खाने चलन रहेको छ ।




श्री जानकी भित्तेपात्रोमा रहेको पञ्चाङ्ग अनुसार मधेसभरि असोज ७ गते सोमवार ओंगठन, असोज ८ गते व्रत र असोज ९ गते आज जितिया व्रत पारण गर्ने उल्लेख छ । तिथिको हेरफेर अनुसार यस वर्ष मधेसमा सोमवार नहा खा (नुहाएर खाने) विधिबाट शुरू भएको पर्वमा व्रतालु महिलाहरू मङ्गलवार बिहान ४ बजेदेखि बुधवार दिनभरि उपवास बस्ने प्रचलन रहेको जलेश्वरनाथ महादेव मन्दिरका पुजारी पण्डित उपेन्द्र पाठकले बताए ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# भोलिदेखि देशभर मौसम बदली : ५६ जिल्ला उच्च जोखिममा

काठमाडौं, ९ असोज/रासस

नेपालमा बिहीवारदेखि चार दिन लगातार देशभर मौसम बदली हुने भएको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले मङ्गलवार




अपराह्न विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै उक्त बदलीपछि पर्ने वर्षाका कारण ५६ जिल्ला उच्च जोखिममा रहेको जानकारी गराएको छ।

महाशाखाका अनुसार हाल देशभर मनसुनी वायुको प्रभाव रहेको छ । "बङ्गालको खाडीबाट प्रवाह हुने जलवाष्पयुक्त हावा साथै त्यस क्षेत्रमा बनेको न्यून चापीय प्रणालीको प्रभावको कारण २०८१ असोज १० गते बिहीवार दिउँसोदेखि असोज १३ (आइतवार) सम्म देशभर साधारणतयादेखि पूर्णतया बदली रही अधिकांश स्थानमा मेघ गर्जन/चटयाङसहित हल्कादेखि मध्यम वर्षा तथा कोशी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका धेरै स्थान तथा मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका केही स्थानहरूमा भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको छ," महाशाखाले जारी गरेको विशेष बुलेटिनमा उल्लेख छ ।

साथै देशका तराई भूभागका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको जनाइएको छ । साथै गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका थोरै स्थान तथा कोशी प्रदेश, बाग्मती प्रदेश, मधेस प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा अति भारी वर्षाको पनि सम्भावना रहेको छ ।

असोज १० गते बिहीवार दिउँसोदेखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश तथा लुम्बिनी प्रदेशका थोरै स्थान तथा मधेस प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन/चटयाङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ। साथै देशका तराई भूभागका केही स्थानमा हावाहुरीको समेत सम्भावना रहेको छ।

असोज ११ गते (शुक्रवार)देखि देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र कोशी प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानमा तथा मधेस प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चटयाङसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको जनाइएको छ। साथै देशका तराई भूभागका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको जनाइएको छ ।

साथै गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन/चटयाङसहित अति भारी वर्षाको समेत सम्भावना रहेको छ ।

असोज १२ गते (शनिवार) देशभर साधारणतयादेखि पूर्णतया बदली रही देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र बाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थान र बाँकी प्रदेशका थोरै स्थानमा मेघ गर्जन/चटयाङसहित भारीदेखि धेरै भारी वर्षाको समेत सम्भावना रहेको छ। साथै देशका लुम्बिनी प्रदेश, गण्डकी प्रदेश तथा कर्णाली प्रदेशका केही स्थानहरूमा हावाहुरीको समेत सम्भावना रहेको महाशाखाले जानकारी दिएको छ ।

असोज १३ गते (आइतवार) देशभर आंशिकदेखि साधारणतया बदली रही देशभर हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको र गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र कर्णाली प्रदेशका एक/दुई स्थानमा मेघ गर्जन/चटयाङसहित भारी वर्षाको सम्भावना रहेको जनाइएको छ ।

यस प्रणालीको प्रभावले विशेषगरी वर्षाका कारण भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको र मनसुनमा रातिको समयमा पानी पर्ने सम्भावना बढी हुने गरेकाले शहरी तथा तराई क्षेत्रहरूमा डुबानको जोखिम रहेको जनाइएको छ ।

यस्तै, महाशाखाले ठूला तथा साना नदीनाला र खोलामा पानीको सतह बढ्न सक्ने, दैनिक जनजीवन, कृषि, स्वास्थ्य, पर्यटन, नदी क्षेत्र आसपासका निर्माण कार्य, सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले आवश्यक

(बाँकी पाँचौं पातामा)

# २७० मेगावाट विद्युत् राष्ट्रिय ग्रीडमा जोडिँदै

काठमाडौं, ९ असोज/रासस

एक महीनाभित्र सिन्धुपाल्चोक र रसुवामा सञ्चालित विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादन भएको २७०.३ मेगावाट विद्युत् राष्ट्रिय ग्रीडमा जोडिने भएको छ ।

लामो समयदेखि विवाद रहँदै आएको सिन्धुपाल्चोकको मध्य भोटेकोशी



जलविद्युत् आयोजनाको १०२ मेगावाट तथा रसुवाको रसुवागढी जलविद्युत् आयोजनाको उत्पादित १११ मेगावाट, माथिल्लो साञ्जेनको १४.८ मेगावाट र साञ्जेन जलविद्युत् आयोजनाको ४२.५ मेगावाट विद्युत् एक महीनाभित्र राष्ट्रिय प्रसारण लाइनमा जडान गर्न लागिएको हो ।

ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री खड्काले आज रसुवाका विभिन्न जलविद्युत् आयोजना, प्रसारण लाइन तथा सबस्टेशनको स्थलगत निरीक्षण गर्दै निर्माण ढिला हुँदा दैनिक करोडौं बराबर नोक्सानी भइरहेकोले तीव्र गतिमा निर्माण सम्पन्न गर्न निर्देशन दिए ।

नुवाकोटको पैरेबेंसीमा निर्माण भएको त्रिशूली श्री बी हब २२०/१३२/३३ केभी (३२० एमभिए) क्षमताको सबस्टेशन र रसुवाको आमाछोदिङ्मो गाउँपालिका–४ स्थित थम्बुचेतमा निर्माण भएको चिलिमे हब २२०/१३२/३३ केभी (३२० एमभिए) क्षमताको सबस्टेशन र २८ किलोमिटर चिलिमे–त्रिशूली २२० केभी प्रसारण लाइनको काम समयमा सम्पन्न नहुँदा उत्पादित विद्युत् खेर जाने अवस्था रहेको उनले बताए ।

रसुवा र नुवाकोटका विभिन्न आयोजनाबाट उत्पादित विद्युत् त्रिशूली थ्रीबी हब २२०/१३२/३३ केभी (३२० एमभिए) क्षमताको सबस्टेशनबाट काठमाडौंको मातातीर्थ सबस्टेशनमा पुऱ्याइने छ ।

चिलिमेदेखि त्रिशूली हबसम्मको २८ किलोमिटरको प्रसारण लाइनमध्ये २० किलोमिटरको डबल सर्किट लाइन (५१ वटा टावर) र आठ किलोमिटरको चार सर्किट लाइन (२४ वटा टावर) छन् । चार सर्किट लाइन रहेको आठ किलोमिटर टावरमा निर्माणाधीन अपर त्रिशूली एक (२१६ मेगावाट)बाट उत्पादन हुने विद्युत् त्रिशूली थ्री बी हबसम्म जोडी राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गरिने छ।

प्रसारण लाइनका लागि आवश्यक ७५ वटै टावरको फाउन्डेशन निर्माण भए तापनि हाल त्रिशुली थ्रि बी हबको छेउमा (६०० मिटर), मैलुङबेंसी (१२३५ मिटर) र हाकु (१४०० मिटर)मा तार तान्ने काम भइरहेको छ ।

मन्त्री खड्काले आवश्यक जनशक्ति थप गरेर भए पनि प्रसारण लाइन निर्माण दुई हप्ताभित्र सम्पन्न गरी सम्बन्धित जलविद्युत् आयोजनाको टेस्टिङ कमिशनिङसमेत सम्पन्न गर्न निर्देशन दिएका छन् ।

# लकडाउनदेखि चित्रकार बनेकी एरिका

विराट न्यौपाने
लमजुङ, ९ असोज/रासस

जिल्लाको सुन्दरबजार नगरपालिका–८ कुसुण्डे निवासी एरिका सापकोटाले



लकडाउनको समयलाई सदुपयोग गरी गरेको प्रयासले अहिले कुशल चित्रकार बनाएको छ । आइटी इन्जिनीयर सापकोटाले कोभिड महामारीको बेला भएको लकडाउनमा कूची र रङ्गसँग मित्रता गरेकी थिइन्।

काम गर्ने इच्छा र जाँगर भएमा तालीमविना पनि दक्षता प्राप्त गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेकी छन्, चित्रकार सापकोटाले । विभिन्न परियोजना अन्तर्गत स्वदेश तथा विदेशबाट चित्रकलासम्बन्धी काम आउने गरेको उनले बताइन्। "कोरोनाको समयमा घरबाहिर निस्कन नहुने भयो, सोही समयलाई सदुपयोग गर्दै कूची र रङ्ग खेलाउन थालें, अहिले व्यावसायिकरूपमा चित्र बेच्न थालेकी छु," उनले भनिन् ।

एरिकाले कडा मेहनत र लगावका कारण आफू चित्रकार बनेको बताइन् । "फुपूदिदीको घरमा फर्निचर उद्योग थियो। सुरुआती दिनमा त्यहाँ भएका रङ्ग, कागज र काठका टुक्रामा चित्र बनाउन सिक्थें । पछि इन्टरनेटको माध्यमबाट रङ्गको समायोजन र कसरी चित्र बनाउने भन्ने विषयमा अध्ययन र अनुसन्धान गर्दै बनाउन थालेकी हुँ," उनले भनिन् ।

फुर्सदको समयलाई त्यत्तिकै फाल्नुहुँदैन भन्ने मान्यता राख्ने सापकोटा आफ्नो इन्जिनीयरिङको कामबाट केही समय सदुपयोग गरी वा कम्प्युटर हेर्दाहेर्दै दिक्क लागेको समयमा चित्र बनाउने गर्छिन् । यसबाट ध्यान विकेन्द्रित नहुने र मनलाई प्रफुल्लित बनाउने उनको अनुभव छ । "अहिले रङ्गमा हात बसिसकेको छ," सापकोटाले भनिन्, "सुरुआती चरणपछि आफैंले रङ्ग, ब्रस र कागज किनेर ल्याइ क्यानभासमा चित्र बनाउन थालेकी थिएँ ।" एउटा चित्र बनाउन डेढदेखि दुई घण्टा लाग्ने उनले जानकारी दिइन् ।

चित्र बनाउँदै गर्दा भेटिएकी सापकोटाले भनिन्, "चित्र बनाएर त्यसलाई पूर्णता दिनुपर्छ। कहींकतै अपुग वा कमी भएमा त्यसलाई अन्तिम चरणको तयारी गर्नुपर्छ ।" उनले एउटा चित्र न्यूनतम रु सात हजारसम्म र अधिकतम रु १२ हजारसम्ममा बिक्री हुने उल्लेख गरिन् ।

कम्प्युटरमा काम गर्ने भएकोले आवश्यक रङ्ग, ब्रस र कागज 'अनलाइन'बाट मगाउने गरेको बताउँदै सापकोटाले चित्र बनाउने माग पनि अनलाइनबाट बढी आउने गरेको जानकारी दिइन् । विदेशमा रहेका साथीभाइ र आफन्तले प्रोत्साहन तथा प्रचारप्रसार गरिदिएको उनको भनाइ छ ।

विदेशमा रहेका शुभचिन्तकको

(बाँकी पाँचौं पातामा)



**तिलिचो ताल:** समुद्री सतहदेखि चार हजार ९१९ मिटर उचाइमा अवस्थित तिलिचो ताल। यो तालले चार दशमलव आठ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ। उक्त माललगायत वरिपरिका क्षेत्र अवलोकन गर्न अहिले दैनिक २०० भन्दा बढी स्वदेशी तथा विदेशी पर्यटक यहाँ आउँछन्। तस्बिरः नवीन लामिछाने/रासस

# लिलाम नहुँदा भन्सारमैं थन्किए सवारीसाधन

मलङ्गवा (सर्लाही), ९ असोज/रासस

समयमैं लिलाम नहुँदा करोडौं मूल्य बराबरका सवारीसाधन सर्लाही भन्सार कार्यालयमा थन्किएका छन् । सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले बरामद गरेर भन्सार कार्यालयमा दाखिला गरेका दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारीसाधन काम नलाग्ने गरी बिग्रिन थालेका छन् ।

सुरक्षाकर्मीले चालू अवस्थामा भन्सार कार्यालयमा बुझाएका सवारीसाधन अहिले कामै नलाग्ने स्थितिमा पुगेको बताइएको छ । भन्सार कार्यालयमा थन्किएर रहेका सवारीसाधनलाई छठ पर्वलगत्तै लिलामी प्रक्रिया अगाडि बढाउने सर्लाही भन्सार



कार्यालयका निमित प्रमुख भन्सार अधिकृत डम्बरबहादुर बस्नेतले जानकारी दिए ।

भन्सार कार्यालयको पार्किङ क्षेत्रमा खुला आकाशमुनि वर्षौंदेखि राखिएका सवारीसाधनमाथि झारपात पलाएका छन्। सर्लाही जिल्लाका विभिन्न क्षेत्रबाट चोरी–पैठारी, भारतीय नम्बरको गाडीमा नेपाली नम्बर राखेकोलगायतका सवारीसाधन सुरक्षा निकायले नियन्त्रणमा लिएर भन्सार कार्यालयमा बुझाउने गरेको छ। भन्सार कार्यालयमा बुझाइएका अधिकांश सवारीसाधन भारतबाट अवैधरूपमा चोरी तस्करीका सरसामान ढुवानी गर्ने सवारी छन् । गाडीमध्ये सबैभन्दा बढी भन्सार प्रक्रिया पूरा नगरेका भारतीय नम्बरका मोटरसाइकल छन्। यस्तै, भन्सार शुल्क नतिरी विभिन्न सामान चोरीपैठारी गरिरहेका अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिएका नेपाली गाडी पनि भन्सार कार्यालयको पार्किङमा राखिएका छन्।

गत आर्थिक वर्षको जेठतिर पाँच सय सवारीसाधन लिलाम गरिएको जनाउँदै उनले मुद्दा टुङ्गो लागिसकेका सवारीसाधनको चाँडै लिलामी प्रक्रिया अगाडि बढाउने बताए । भन्सार कार्यालयको पार्किङ (यार्ड) क्षेत्रमा राखिएका सवारीसाधनको सुरक्षाका लागि ट्रस निर्माणको लागि विभागसँग रकम माग गरेका थियौं तर पैसा नआएका कारण ट्रस निर्माण हुन नसकेको उनले जानकारी गराए ।

"यातायात कार्यालयका इन्जिनीयरले सबै गाडी हेरिसकेपछि यसको प्रतिवेदन तयार गरिनेछ," उनले भने, "प्रतिवेदन प्राप्त गरेपछि मूल्याङ्कन समितिले मूल्य निर्धारण गरेर लिलामीको सूचना निकाल्ने तयारी छ ।"

# अमेरिकी राष्ट्रपति चुनाव : ह्यारिस र ट्रम्पबीच तीव्र प्रतिस्पर्धा

**सोमनाथ लामिछाने**/



महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको राष्ट्रपतिका लागि आगामी नोभेम्बर ५ तारिखका दिन चुनाव हुँदैछ। अर्थात् चुनाव हुन ४२ दिन मात्र बाँकी छ तर राष्ट्रपतिका मुख्य दुई उम्मेदवारमध्ये कसले बाजी मार्छ भन्ने अझै यकीन भइ नसकेको अमेरिकी चुनावी मत सर्वेक्षणहरूले देखाएका छन्।

यसपटकको चुनावमा रिपब्लिकन पार्टीका तर्फबाट पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्प र डेमोक्रेटिक पार्टीबाट वर्तमान उपराष्ट्रपति कमला ह्यारिस मुख्य प्रतिस्पर्धी रहेका छन्। दुवै उम्मेदवार परस्पर तिक्ततापूर्ण गालीगलौज गरिरहेका भएपनि आम अमेरिकी नागरिकले भने उनीहरूले अघि सारेका आर्थिक, सामाजिक, राजनीतिकजस्ता घरेलु मामिलाका विषयसँगै विदेश नीतिबारे उनीहरूको अडानलाई समीक्षा गरिरहेको बताइएको छ।

एकातिर अमेरिकाको सर्वोच्च नेतृत्वमा कमला ह्यारिसको रूपमा पहिलो र त्यो पनि एशियन-अफ्रिकन मूलकी महिलालाई चुन्ने अवसर प्राप्त भएको छ। ह्यारिसले चुनाव जिते यो अमेरिकी राजनीतिमा एउटा इतिहास नै बन्नेछ। तर ह्यारिसका लागि सहज जित निकाल्न त्यति सहज भने छैन।

सन् २०१६ मा भएको राष्ट्रपति चुनावमा त्यसबेला निकै लोकप्रिय उम्मेदवार हिलारी क्लिन्टन ट्रम्पसँगै पराजित भएकी थिइन्। अमेरिकी समाज चरम पितृसत्तात्मक र दक्षिणपन्थी-अनुदारवादी छ भन्ने त्यस बेला चर्चामा थियो। यसर्थ महिलालाई शीर्ष नेतृत्वमा स्थापित गराउन अमेरिकी समाज सहजै तयार होला ? अझै द्विविधा कायम रहेको धारणा चुनावी सर्वेक्षणले देखाएका छन्।

पछिल्लोपटक फाइभ थर्टी एटले सार्वजनिक गरेको विवरणमा ह्यारिसले ४८ प्रतिशत र ट्रम्पले ४६ प्रतिशत मत पाउने आकलन गरिएको छ। अर्थात् दुई उम्मेदवारबीच २ प्रतिशतको मात्र अन्तर छ।

गत सेप्टेम्बर १० मा पेन्सिलभेनियामा भएको बहसपछि कमला ह्यारिसले आफ्नो पक्ष निकै मजबूत बनाएको मानिए पनि मतदाताले दुवै उम्मेदवारप्रति खासै धेरै समर्थन गरेका छैनन्। राष्ट्रव्यापी मत सर्वेक्षणमा दुई उम्मेदवार अघिपछि देखिए पनि राष्ट्रपतिको चयन भने इलेक्टोरल कलेजका आधारमा हुने गर्दछ। पपुलर मत धेरै ल्याएर मात्र पुग्दैन।

अमेरिकी राष्ट्रपतिका लागि कुल ५३८ इलेक्टोरल कलेजमध्ये कम्तीमा २७० स्थान जित्नुपर्छ। अमेरिकाका ५० वटा राज्यबाट जनसङ्ख्याका आधारमा इलेक्टोरल कलेजको सङ्ख्या निर्धारण हुने गर्दछ। यही कारण धेरै जनसङ्ख्या र इलेक्टोरल कलेज रहेका राज्यहरूमा दुवै उम्मेदवारले प्रचार तीव्र बनाएका छन्।

डेमोक्रेट वा रिपब्लिकनका परम्परागत समर्थक बढी भएका राज्यहरूको आधारमा दुवै उम्मेदवारबीच इलेक्टोरल कलेजको सङ्ख्या लगभग बराबर छ। तर इलेक्टोरल कलेज सङ्ख्या ठूलो भएका केही राज्यको परिणाम कुन उम्मेदवारतर्फ सोझिएला भन्ने अनुमान गर्न कठिन छ। स्वीङ स्टेट वा ब्याटलग्राउन्ड स्टेट (जुनसुकै उम्मेदवारले जित्ने अनुमान गरिएका) नामले चिनिएका केही राज्यमा दुवै उम्मेदवारबीच कडा टक्कर रहेको सर्वेक्षणले देखाएको छ।

यसपटक ब्याटलग्राउन्ड स्टेटका रूपमा चित्रित गरिएकामध्ये नेभादा (६ इलेक्टोरल कलेज भोट), पेन्सिलभेनिया (१९), विस्कन्सिन (१०) र मिसिगन (१५) राज्यमा कमला ह्यारिस १ वा २ प्रतिशत मतान्तरले अघि रहेको एबिसी न्युजको पछिल्लो सर्वेक्षणले देखाएको छ। उता नर्थ क्यारोलिना (१६), एरिजोना (११) र जर्जिया (१६) मा डोनाल्ड ट्रम्प अत्यन्त झिनो मतान्तरले अघि रहेको देखाएको छ।

युगभ, आरएमजी रिसर्च, हार्ट रिसर्च, फ्लोरिडा युनिभर्सिटीसमेत अधिकांश मत सर्वेक्षणले डेमोक्रेट उम्मेदवार ह्यारिसले झिनो मतान्तरले चुनाव जित्ने अनुमान गरिरहेको समयमा पछिल्लोपटक दि न्युयोर्क टाइम्सले सार्वजनिक गरेको सर्वेक्षणले भने डोनाल्ड ट्रम्प १ प्रतिशत मतान्तरसहित राष्ट्रपतिमा विजयी हुने देखाएको छ।

'अमेरिका फर्स्ट' 'मेक अमेरिका ग्रेट अगेन' को नारा लगाउँदै आएका डोनाल्ड ट्रम्प पूर्वी क्षेत्रका तीन राज्य-पेन्सिलभेनिया, नर्थ क्यारोलिना र जर्जियामा विजयी भए राष्ट्रपति बन्नबाट कसैले रोक्न नसक्ने अमेरिकी अखबार 'पोलिटिको'का वरिष्ठ स्तम्भकार जोनाथन मार्टिनले लेखेका छन्।

दुवै उम्मेदवारबीच व्यक्तिगत लाञ्छनायुक्त घोचपेच भए पनि आमरूपमा दुवैले केही जल्दाबल्दा विषय सम्बोधन गर्न चाहेको देखिन्छ। खासगरी डोनाल्ड ट्रम्पले अमेरिकाभित्र बढ्दो आप्रवासनलाई निरूत्साहित गर्ने, अवैध आप्रवासीलाई उनीहरूकै देश फर्काउने, दक्षिणी सीमामा पर्खाल लगाउने, इन्धनको मूल्य घटाउने, विदेशी सामानमा कर बढाएर आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने बताइरहेका छन्। देशभित्र आप्रवासीको सङ्ख्या ठूलो मात्रामा बढ्नुमा डेमोक्रेट पार्टीको खराब नीति मुख्यरूपमा जिम्मेवार रहेको ट्रम्पको भनाइ छ। उनले इजरायल-प्यालेस्टिन तथा रूस-युक्रेन युद्धलाई तत्काल समाधान गर्ने पटकपटक दोहोऱ्याएका छन्।

राष्ट्रपतीय बहसका क्रममा डेमोक्रेटिक उम्मेदवार ह्यारिसले भने गाजामा जारी युद्ध रोक्न बाइडेन प्रशासनले भरमग्दुर प्रयास गरिरहेको तथा युक्रेनको स्वतन्त्रतालाई अक्षुण्ण राख्न अमेरिकाले आर्थिक, सैनिक र राजनीतिक सहयोग जारी राख्ने बताएकी छन्। यद्यपि यी दुवै मामिलामा खासै प्रगति गर्न नसकेको भन्दै बाइडेन-ह्यारिस प्रशासनको आलोचना भइरहेको छ।

अर्कातर्फ, अमेरिकामा बढ्दो बेरोजगारी र मूल्यवृद्धि (मुद्रास्फीति) लाई नियन्त्रणमा ल्याउन दुवै उम्मेदवारबीच दबाब बढ्दो छ। अमेरिकी जनताले दुवै उम्मेदवारलाई यही प्रश्न गरेर हैरान बनाइरहेका छन् जसको अनौठो, अविश्वसनीय जवाफ सुनेर आमजनता र अमेरिकी बौद्धिक समुदाय नै अन्योलमा रहेको न्युजविकले लेखेको छ।

कमनवेल्थ फाउन्डेशनका प्रमुख कार्यकारी एन्ड्रु लेविसले न्युजविकमा लेखेका छन्-"केही वर्षदेखि पेन्सिलभेनियामा जीवन धान्ने खर्च नियन्त्रण बाहिर पुगेको छ। हरेक सामग्रीको मूल्य तीव्र गतिमा बढेको छ। आफूले रोजेजस्तो घर किन्न सक्ने अवस्था छैन। तलब, ज्याला बढे पनि दैनिक जीवन गुजाराका लागि अत्यावश्यक खाद्यान्न समेतको मूल्य आकाशिएको छ।"

ह्यारिसले भने पेन्सिलभेनियाका चुनावी सभाहरूमा सम्बोधन गर्दै इन्धन समेतका वस्तुको मूल्यवृद्धि नियन्त्रण गर्ने र सर्वसाधारणको जीवन सहज बनाउने प्रतिबद्धता व्यक्त गरेकी छन्। तर यी प्रतिबद्धतामा खासै विश्वस्त हुन सकिने अवस्था नदेखिएको लेविसको भनाइ छ। अर्थात् यही प्रवृत्ति अधिकांश राज्यहरूमा छ। यद्यपि, बढ्दो मुद्रास्फीतिलाई नियन्त्रणमा ल्याउन ट्रम्पलाई पनि फलामको च्युरा चपाएसरह रहेको लेविसको धारणा छ।

केही वर्षदेखि अमेरिकी चुनाव वर्ग, क्षेत्र, लिङ्ग, ल्याटिनो, आप्रवासनजस्ता अनेक मुद्दाबाट विभाजित हुन थालेकोले रैथाने अमेरिकीहरूको दृष्टिकोण र धारणाले चुनावी परिणामलाई प्रभावित तुल्याउन थालेको धेरैको बुझाइ छ।

(विभिन्न अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको सहयोगमा। रासस)

# 'बार-बेञ्च समन्वय समितिको सहमति कार्यान्वयन भएन'

काठमाडौं, ९ असोज/रासस

नेपाल बार एशोसिएशनले सर्वोच्च अदालतको बार बेन्च समन्वय समितिको बैठकमा भएको सहमति अनुसार न्यायपरिषद् नियमावलीमा भएको संशोधनका विषयमा समाधान निकाल्नुपर्नेमा बेवास्ता भएको जनाएको छ।

बारले बुधवार जारी गरेको प्रेस विज्ञप्तिमा उक्त समन्वय समितिको बैठकमा भएको सहमति अनुसार न्यायपरिषद् नियमावलीमा भएको संशोधनका सम्बन्धमा समाधान निकाल्नुपर्नेमा बेवास्ता गरेको उल्लेख गर्दै आन्दोलनका कार्यक्रम घोषणा गरेको हो।

विज्ञप्तिमा कार्यदलको प्रतिवेदन सार्वजनिक गरी कार्यान्वयन गर्नुपर्नेमा उल्टै असंवैधानिक तवरबाट न्यायपरिषद्बाट थप निर्णय गर्नका लागि बिदामा बसेका प्रधानन्यायाधीश र संसदीय सुनुवाइका लागि सार्वजनिक सूचना जारी भएका व्यक्तिबाट नेपालको न्यायपालिकालाई गम्भीर असर पार्ने निर्णय हुन लागेको उल्लेख छ।

बारले उपत्यकाबाहिरका बार एकाइले बार परिसर र उपत्यकास्थित बार एकाइमा आबद्ध सम्पूर्ण कानून व्यवसायीलाई नेपाल बार एशोसिएशनको प्राङ्गणमा बिहीवार उपस्थित हुन भनेको छ।

बारले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) प्रति आफ्नो असहमति जनाउँदै अविलम्ब खारेज गर्न सम्बन्धित निकायलाई पटकपटक ध्यानाकर्षण गराउँदै आएको छ।

यसैबीच, सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष हरिशङ्कर निरौलाले न्यायपरिषद् र नेपाल बार एशोसिएशन दुवै पक्षलाई मान्य हुने मेलमिलापकर्ताको नियुक्ति गरेर समस्याको समाधान अविलम्ब गर्नुपर्ने र समस्यालाई लम्ब्याउँदा कसैको पनि हित नहुने बताए।



**मनाङमा फलेका बन्दागोभी:** समुद्री सतहदेखि तीन हजार ५४० मिटर उचाइमा रहेको मनाङ ङिस्याङ गाउँपालिका-६ मनाङ गाउँको बारीमा फलेका बन्दागोभी। जलवायु परिवर्तनसँगै मनाङका माथिल्लो भेगमा तरकारीखेती उत्पादन वृद्धि हुन थालेको छ। तस्बिरः नवीन लामिछाने/रासस

## फरक समाचार

### चामलको नयाँ प्रजातिले मधुमेहबाट छुटकारा दिलाउँछ

एशियाको अधिकांश जनसङ्ख्या जो चामल खान मन पराउँछन्, यही क्षेत्रमा संसारका ६० प्रतिशत मधुमेहका बिरामी पनि भेटिन्छन्।

धान अर्थात् चामलको सबैभन्दा धेरै ९० प्रतिशत उत्पादन र खपत एशिया-प्रशान्त क्षेत्रमा मात्र हुन्छ। धेरै चिकित्सकले पनि मधुमेहका बिरामीहरूलाई चामल नखान सल्लाह दिन्छन्।

यसैबीच, फिलिपिन्सको एक प्रतिष्ठित अनुसन्धान संस्थानले दाबी गरेको छ



कि उसले चामलको एउटा यस्तो नयाँ प्रजाति विकास गरेको छ, जसले मधुमेहको जोखिम कम गर्छ।

फिलिपिन्सको इन्टरनेशनल राइस रिसर्च इन्स्टिच्युट (IRRI)का प्रमुख वैज्ञानिक डा नेसे श्रीनिवासासुलुले भने कि यस नयाँ प्रजातिको उत्पादन छिट्टै भारतमा पनि हुनेछ।

रिपोर्टहरूका अनुसार सन् २०२५ सम्म एशिया र अफ्रिकाका देशहरूमा IRRI ले यस चामलको प्रजातिलाई पुऱ्याउने योजना बनाएको छ।

**मधुमेहको जोखिम कसरी कम गर्छ ?**

संसारमा ५३.७ करोड वयस्क मधुमेहका बिरामी छन्। सन् २०४५ सम्म यो सङ्ख्या बढेर ७८.३ करोड पुग्ने अनुमान छ।

गलत जीवनशैली, मोटोपन र जेनेटिक्सका कारण मधुमेह हुने जोखिम बढी हुन्छ। टाइप २ मधुमेह तब उत्पन्न हुन्छ, जब प्यान्क्रियाजले पर्याप्त मात्रामा इन्सुलिन हर्मोन उत्पादन गर्न सक्दैन र कोषिकाहरूले इन्सुलिनको प्रतिरोध विकास गर्छन्। यसले रगतमा चिनीको स्तर बढाउँछ।

ग्लाइसिमिक एसिड (ग्लाइसिमिक इन्डेक्स वा GI) कुनै पनि खानेकुराले शरीरमा कति चाँडो रगतमा चिनीको स्तर बढाउँछ भन्ने मापन गर्ने एक विधि हो, जसले मधुमेह निम्त्याउँछ।

यदि कुनै खानेकुराको GI ४५ भन्दा कम हुन्छ भने यसको मतलब उसले रक्तमा चिनीको स्तर बढाउँदैन।

IRRI ले यस्तो चामलको प्रजाति विकास गरेको छ, जसको GI कम छ। अर्थात् यस नयाँ प्रजातिको चामललाई खानामा समावेश गर्दा रगतमा चिनीको स्तर बढ्दैन। यसले गर्दा मधुमेहको जोखिमबाट बच्न सकिन्छ।

IRRI का वैज्ञानिकहरूका अनुसार यस नयाँ प्रजातिको चामलमा प्रोटिनको मात्रा पनि बढी छ।

### नखानुहोस् एप्पल साइडर भिनेगर

एप्पल साइडर भिनेगरले मुटु, कलेजो र आन्द्रालाई नोक्सान पुऱ्याउन सक्छ। तौल घटाउने, पाचन समस्या र रगतमा चिनीको मात्रा नियन्त्रण गर्न एप्पल साइडर भिनेगरलाई लाभदायक मानिन्छ। तर आयुर्वेदमा यसको सेवनलाई सुरक्षित मानिएको छैन।

यहाँ तपाईंले विशेषज्ञबाट यसको सेवनले हुने नोक्सानका बारेमा जान्न सक्नुहुन्छ।

स्याउको सिरका जसलाई एप्पल साइडर भिनेगर पनि भनिन्छ, स्याउलाई फर्मेन्ट गरेर यसमा खमीर र चिनी मिलाएर तयार गरिन्छ।

पश्चिमी देशहरूमा यसको प्रयोग पकाउने क्रममा सलादलाई ड्रेसिङ गर्न, अचार बनाउन र मासु मोल्नका लागि धेरै गरिन्छ।

यो अहिले हाम्रो देशमा पनि धेरै लोकप्रिय भएको छ। धेरै अध्ययनमा स्वास्थ्यका हिसाबले पनि यसलाई धेरै लाभदायक मानिएको छ।

तर आयुर्वेद विशेषज्ञ डा रेखा बताउँछिन् कि स्याउको सिरका पिउनु स्वास्थ्यका लागि खतरनाक हुन सक्छ। यसका नोक्सानका बारेमा चरक संहितामा पनि लेखिएको छ।

यस्तोमा यदि तपाईं एप्पल साइडर भिनेगरको सेवन गर्नुहुन्छ भने यहाँ जान्नुहोस् कि तपाईं आफ्नो शरीरलाई कत्तिको नोक्सान पुऱ्याइरहनुभएको छ।

**एप्पल साइडर भिनेगरका फाइदाहरू**

एप्पल साइडर भिनेगरलाई रगतमा चिनी नियन्त्रण गर्न, कोलेस्ट्रोल घटाउन, पाचन प्रणाली सुधार गर्न, प्रतिरक्षा प्रणाली बढाउन, फ्री रेडिकल्सबाट जोगिन र तौल घटाउन प्रभावकारी मानिन्छ। तर आयुर्वेदले एप्पल साइडर भिनेगरलाई खतरनाक मानेको छ।



विशेषज्ञहरू बताउँछन् कि सामाजिक सञ्जालमा पश्चिमी खानामा भिनेगर समावेश गर्नाका धेरै फाइदाको चर्चा गरिन्छ।

तर आयुर्वेदको चरक संहिता पुस्तकमा यसको सेवनलाई शरीरका लागि खतरनाक भनिएको छ।

**शरीरमा विषाक्त पदार्थ जम्मा हुन्छ**

एप्पल साइडर भिनेगर क्षारीय वस्तुको श्रेणीमा आउँछ। जसले गर्दा यो धेरै तातो, सुक्खा र तीव्र हुन्छ, जसले शरीरमा जलन र विषाक्त पदार्थको जमावको कारण बन्न सक्छ। यसले गर्दा असाध्य रोगहरू हुन सक्ने खतरा पनि हुन्छ।

**यी अङ्गहरू नोक्सान हुन सक्छन्**

विशेषज्ञहरू बताउँछन् कि चरक संहिताका अनुसार स्याउको सिरकाको दैनिक सेवनले कलेजो, मुटु, आन्द्रा, आँखा र छालामा नोक्सान पुऱ्याउन सक्छ।

सूत्रका अनुसार एप्पल साइडर भिनेगर अन्धोपन, टाउकोको कपाल झर्ने, नपुंसकता, मुटुको रोग र कपाल सेतो हुने समस्याको कारण बन्न सक्छ।

**यसरी गरौं भिनेगरको सही प्रयोग**

यदि तपाईंको घरमा स्याउको सिरका छ भने यसलाई सीधैं पिउनुको सट्टा यसलाई तरकारी र फलफूल धुनको लागि प्रयोग गर्न सक्नुहुन्छ। यसले सबै ब्याक्टेरिया सजिलै हटाउँछ।


– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## इरानबाट मेरो जीवन 'ठूलो खतरा'मा छ –ट्रम्प

वाशिङ्टन, ९ असोज/एएफपी

रिपब्लिकन राष्ट्रपति उम्मेदवार डोनाल्ड ट्रम्पले इरानले उनको जीवनमा 'ठूलो खतरा' उत्पन्न गरेको बताएका छन् ।



अमेरिकी गुप्तचर निकायले तेहरानबाट 'वास्तविक र विशिष्ट' खतराको चेतावनी दिएको आफ्नो प्रचार टोलीले बताएपछि उनको उक्त भनाइ आएको हो ।

"इरानबाट मेरो जीवनमा ठूलो खतरा छ, सम्पूर्ण अमेरिकी सेनाले हेरिरहेको छ र प्रतीक्षा गरिरहेको छ"– उनले आफ्नो ट्रुथ सामाजिक प्लेटफर्ममा लेखेका छन्–"इरानले पहिले नै केही प्रयास गरेको थियो जुन सफल भएन तर फेरि उसले प्रयास गर्नेछ । म पहिले कहिल्यै नदेखेको जति धेरै मानिस, बन्दुक र हतियारले घेरिएको छु ।" उनले आफ्नो जीवनमा भएका दुई हत्या प्रयासपछि अमेरिकी गुप्तचर सेवाको बढ्दो निगरानी उल्लेख गरे ।

ट्रम्पको प्रचार टोलीले मङ्गलवार एक वक्तव्यमा अमेरिकी गुप्तचर निकायले ट्रम्पलाई इरानबाट हत्या हुने 'वास्तविक र विशिष्ट' खतराको चेतावनी दिएको बताएको छ ।

प्रचार टोली र ट्रम्प स्वयंले उल्लेख गरेका यी खतराहरू नयाँ हुन् वा पहिले नै रिपोर्ट गरिएका खतरा हुन् भन्नेबारे तत्काल स्पष्ट भएको छैन ।

"आज राष्ट्रिय गुप्तचर निर्देशकको कार्यालयले राष्ट्रपति ट्रम्पलाई अमेरिकामा अस्थिरता र अराजकता फैलाउने प्रयासमा हत्या गर्ने इरानको वास्तविक र विशिष्ट खतराबारे जानकारी दिएको थियो"–प्रचार सञ्चार निर्देशक स्टिभन चेउङले विज्ञप्तिमा भनेका छन्–"गुप्तचर अधिकारीहरूले यी निरन्तर र समन्वित आक्रमणहरू पछिल्ला केही महीनामा बढेको पहिचान गरेका छन् र सबै एजेन्सीका कानून कार्यान्वयन अधिकारीहरू राष्ट्रपति ट्रम्पको सुरक्षा र निर्वाचनलाई हस्तक्षेपबाट मुक्त राख्न काम गरिरहेका छन् ।"

प्रचार टोलीले यी दाबीबारे थप जानकारी दिएको छैन । विश्व नेताहरू इरान समर्थित हिजबुल्लाह र इजरायलबीचको शत्रुतालाई व्यापक क्षेत्रीय युद्धमा परिणत हुनबाट रोक्न प्रयासरत रहेका बेला यी दाबी आएका हुन् ।

यस ग्रीष्ममा ट्रम्पको हत्या गर्ने प्रयास गरिरहेको भन्ने आरोपलाई इरानले अस्वीकार गरेको छ । पेन्सिलभेनियामा भएको र्‍यालीमा एक बन्दूकधारीले गोली चलाएर एक व्यक्तिको मृत्यु र ट्रम्पलाई घाइते बनाएको घटनालगत्तै यो आरोप आएको हो ।

जुलाई १३ को हत्या प्रयासको केही दिनपछि अमेरिकी सञ्चारमाध्यमहरूले अधिकारीहरूले रिपब्लिकनविरूद्ध कथित इरानी षड्यन्त्रबारे खुफिया जानकारी प्राप्त गरेको र यसले उनको सुरक्षा बढाइएको बताएका थिए । इरानले यी 'दुर्भावनापूर्ण' आरोपहरूलाई अस्वीकार गरेको थियो ।

"यदि उनीहरूले 'राष्ट्रपति ट्रम्पको हत्या' गरे, जुन सधैं सम्भावना छ, म आशा गर्छु कि अमेरिकाले इरानलाई नष्ट गर्नेछ, पृथ्वीको सतहबाट मेटाइदिनेछ– यदि त्यसो भएन भने अमेरिकी नेताहरूलाई 'कायर' मानिनेछ"– त्यसबेला ट्रम्पले आफ्नो सामाजिक मिडिया प्लेटफर्म ट्रुथमा लेखेका थिए ।

**इरानी साइबर आक्रमणकारीहरू**

अमेरिकी गुप्तचर निकायहरूले इरानमाथि ट्रम्पको प्रचार टोलीलाई निशाना बनाएर ह्याक गरेको र तेहरानले सन् २०२४ को निर्वाचनलाई प्रभावित गर्न खोजिरहेको आरोप लगाएका छन् ।

इरानी साइबर आक्रमणकारीहरूले ट्रम्पका तत्कालीन ह्वाइट हाउस प्रतिद्वन्द्वी राष्ट्रपति जो बाइडेनका कर्मचारीहरूलाई ट्रम्पको प्रचारबाट 'चोरी गरिएका गैरसार्वजनिक' सामग्री प्रस्ताव गरेको यसै महीना अमेरिकी राष्ट्रिय गुप्तचर निर्देशकको कार्यालय, सङ्घीय जाँच ब्युरो र साइबर सुरक्षा तथा पूर्वाधार सुरक्षा एजेन्सीको वक्तव्यमा उल्लेख छ ।

"निर्वाचनको दिन नजीकिँदै गर्दा विदेशी खेलाडीहरूले आफ्नो निर्वाचनको प्रभाव गतिविधिहरू बढाइरहेका छन्"– रूस, इरान र चीनलाई विशेषरूपमा उल्लेख गर्दै वक्तव्यमा भनिएको छ– "आफ्नै फाइदाका लागि अमेरिकी समाजमा विभाजन बढाउन केही प्रयास गरिरहेका छन् ।"

इरानी साइबर आक्रमणकारीहरूले ट्रम्प प्रचार टोलीबाट चोरी गरिएका जानकारी अमेरिकी मिडिया सङ्गठनहरूसँग साझा गर्ने प्रयाससमेत गरेको अमेरिकी एजेन्सीहरूले बताएका छन् । तर उनीहरूले ती मिडिया आउटलेटहरूको नाम बताएनन् ।

इरानले आरोपको जोडदारखण्डन गरेको छ ।

ट्रम्पका प्रतिद्वन्द्वी कमला ह्यारिसको प्रचार टोलीले अगस्त १३ मा उसलाई पनि ह्याकरहरूले निशाना बनाएको बताएको थियो । तर टोलीले कुन देश यसको पछाडि रहेको विश्वास गरिएको थियो भन्नेबारे सङ्केत दिएन ।

अमेरिकामा नोभेम्बर ५ मा राष्ट्रपति निर्वाचनको मतदान हुँदैछ । ह्यारिस र ट्रम्प बराबरको अवस्थामा रहेको सर्वेक्षणहरूले देखाएका छन् । बाइडेनले यस ग्रीष्ममा उम्मेदवारी फिर्ता लिएपछि ह्यारिसले आफ्नो अभियान शुरू गरेकी थिइन् । रासस

## पोलिथिन झोला प्रयोगमा प्रतिबन्ध

ढाका, ९ असोज/सिन्ह्वा

बङ्लादेशका सबै सुपरमार्केटमा प्लास्टिक (पोलिथिन एन्ड पोलिप्रोपाइलिन ब्याग) झोला राख्न प्रतिबन्ध लगाइएको छ । यो निर्णय अक्टोबर १ देखि लागू हुनेछ ।

सरकारले नोभेम्बर १ देखि अन्य बजारमा पनि प्लास्टिकका झोलामाथि प्रतिबन्ध लगाउने सरकारी अधिकारीले मङ्गलवार घोषणा गरेका छन् ।

बङ्लादेशको अन्तरिम सरकारको वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्रालयका सल्लाहकार सैयदा रिजवाना हसनले नोभेम्बर १ देखि पोलिथिन र पोलिप्रोपाइलीनका उत्पादकहरूविरूद्ध कडा कारबाही गरिने बताइन् ।

सन् २००२ देखि लागू भएको प्लास्टिक झोलामाथिको प्रतिबन्ध अब कडाइका साथ लागू गरिने उनले बताइन् ।




सुपरस्टोर्सले वैकल्पिक ब्यागका लागि अर्डर दिइसकेको र माग पूरा गर्न आवश्यक व्यवस्था मिलाइएको उनले बताइन् ।

सञ्चारमाध्यमले राष्ट्रव्यापी अभियानमार्फत जनचेतना जगाउने कदमसहित आगामी प्रतिबन्ध लागू गर्न विस्तृत कार्ययोजना बनाइएको अधिकारीहरूले बताएका छन् । रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | राज्यलाभ | वृष | कान्तिक्षय |
| मिथुन | सुयश | कर्कट | खर्चवृद्धि |
| सिंह | धनलाभ | कन्या | सफलता |
| तुला | ईश्वरभक्ति | वृश्चिक | रोगभय |
| धनु | व्यापारवृद्धि | मकर | शत्रुभय |
| कुम्भ | कार्यनाश | मीन | भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया



**गोमन सर्पको उद्धार:** दाङको घोराही उपमहानगरपालिका–१७ स्थित भैसाहीका बुद्धिप्रकाश चौधरीको घरभित्रबाट बुधवार बिहान वसन्त सुवेदीले उद्धार गरेको विषालु गोमन सर्प । तस्बिरः कुलदीप न्यौपाने/रासस

## वडाध्यक्ष यादवको हत्या अभियोगमा दुईजना पक्राउ

प्रस, महोत्तरी, ९ असोज/

महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाका वडा नं २ का अध्यक्ष मुकेश यादवको हत्या अभियोगमा दुईजना पक्राउ परेका छन् ।

वडाध्यक्ष यादवको हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले जिल्लाका औरही नगरपालिका वडा नं ७ भोइल टिमकिया बस्ने सञ्जीव झा र दिलीप मण्डललाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनाएको छ ।

जिल्ला प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जानकारी दिए अनुसार वडाध्यक्ष यादवको हत्यामा संलग्न रहेको आशङ्कामा मङ्गलवार साँझ ती दुईजनालाई बर्दिबासबाट पक्राउ गरिएको हो । केही दिनदेखि प्रहरीले उनीहरूको पिछा गरिरहेको थियो ।

पक्राउ परेका दुवैलाई कर्तव्य ज्यान मुद्दामा थप अनुसन्धानका जिल्ला अदालत महोत्तरीले बुधवार चार दिनको म्याद थप गरेको छ ।

वडाध्यक्ष यादव भदौ ९ गते राति बर्दिबासबाट घरतर्फ आउन निस्किएका थिए । साथीहरूसँग छुटेर घरतर्फ लागेका उनी अर्को दिन बिहान मृत भेटिएका थिए । यादव सवार मोटरसाइकल बाटोमा लडिरहेको अवस्थामा र उनको शव सडक किनारामा फेला परेको थियो ।

शुरूमा मोटरसाइकल दुर्घटनामा परी यादवको मृत्यु भएको हुन सक्ने स्थानीयले अनुमान गरेका भए तापनि घटना प्रकृति बुझ्दै जाँदा कसैले हत्या गरी फालेको निष्कर्षमा पुगेका थिए । मृतकका परिवारजन, जिल्लास्थित राजनीतिक दलहरूले समेत घटनाको सत्यतथ्य छानबीन गर्न माग गर्दै आएका छन् ।

यादव गत स्थानीय निर्वाचनमा माओवादी केन्द्रको टिकटबाट वडाध्यक्षमा निर्वाचित भएका थिए । उनी जिल्लास्तरमा माओवादीको लोकप्रिय नेता रहेको सो पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले पनि बताएका थिए ।

## बुबाको हत्या गर्ने छोरा पक्राउ, बुहारी फरार

प्रस, सिराहा, ९ असोज/

बुबाको हत्या गरेको आरोपमा प्रहरीले सिराहा जिल्लाको सीमावर्ती क्षेत्र, औरही गाउँपालिका–३ खजनपुरबाट एकजनालाई पक्राउ गरेको छ ।

घरायसी विवादमा ६५ वर्षीय वृद्ध बुबा भालेश्वर यादवलाई उनको छोरा ३८ वर्षीय शैलेन्द्रकुमार यादव र बुहारी ३५ वर्षीया रेणुकुमारीले कुटपिट गर्दा ज्यान गएको प्रहरीको ठहर छ । हत्या अभियोगमा मृतक भालेश्वरका छोरा शैलेन्द्रलाई घरबाटै पक्राउ गरेको र बुहारी रेणु भने फरार रहेको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय, सिराहाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक मुक्तिनाथ सापकोटाका अनुसार शैलेन्द्रकी पत्नी रेणुकुमारी र सासूबीच झगडा भएपछि वृद्ध भालेश्वर छुटाउन गएका थिए । वृद्ध यादवलाई छोरा–बुहारी मिलेर निर्घात कुटपिट गरेका थिए ।

घटना सोमवार साँझको हो । कुटपिटबाट गम्भीर घाइते भालेश्वरलाई प्रहरीले उद्धार गरी जिल्ला सदरमुकामस्थित प्रादेशिक अस्पतालमा पुऱ्याएको थियो ।

थप उपचारका लागि विराटनगरस्थित नोबेल अस्पतालतर्फ लैजाने क्रममा बाटोमैं घाइते भालेश्वरको मृत्यु भएको थियो । कुटपिटमा संलग्न मृतकका छोरा शैलेन्द्र सोमवार राति नै पक्राउ परेका थिए ।

प्रहरीका अनुसार बुबाको हत्या आरोपमा पक्राउ परेका छोराविरुद्ध कर्तव्य ज्यान मुद्दा अन्तर्गत अनुसन्धानका लागि सिराहा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिइएको बुधवार सञ्चारकर्मीलाई जानकारी गराइएको थियो । ससुराको हत्यामा संलग्न रेणु कुमारीलाई प्रहरीले पक्राउ गर्न नचाहेको स्थानीयको आरोप छ । प्रहरीले भने सो कुराको खण्डन गरेको छ ।

**भोलिदेखि ...**

सतर्कता तथा पूर्वतयारी अपनाउन सर्वसाधारण तथा सबै सरोकारवाला निकायमा अनुरोध गरेको छ । बालीनालीमा क्षति गर्ने भएकाले विशेष सावधानी अपनाउन अनुरोध गरिएको छ ।

**यी जिल्ला उच्च जोखिममा**

महाशाखाका अनुसार विभिन्न ५३ जिल्लालाई रेड जोनमा राखिएको छ । ती जिल्ला उच्च जोखिममा रहेको भन्दै विभागले विशेष बुलेटिनमार्फत सावधानी अपनाउन अनुरोध गरेको छ ।

महाशाखाका अनुसार कोशी प्रदेशका झापा, सुनसरी, धनकुटा, तेऱ्हथुम, खोटाङ, ओखलढुङ्गा, उदयपुर, भोजपुर, इलाम, पाँचथर, मोरङलाई उच्च जोखिममा राखिएको छ । यस्तै, मधेस प्रदेशका सिराहा, सप्तरी र पर्सा पनि उच्च जोखिममा रहेका छन् ।

यस्तै, बाग्मतीका मकवानपुर, चितवन, धादिङ, नुवाकोट, रसुवा, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, सिन्धुली र रामेछाप उच्च जोखिममा छन् । गण्डकी प्रदेशको म्याग्दी, बागलुङ, तनहुँ, स्याङ्जा, नवलपरासी पूर्व, कास्की, पर्वत, लमजुङ, गोरखा र मनाङ जिल्ला जोखिममा छन् ।

यस्तै, लुम्बिनीका जाजरकोट, रूकुमपश्चिम, दैलेख, सुर्खेत, सल्यान तथा सुदूरपश्चिमको डोटी, कैलाली र अछाम जिल्ला उच्च जोखिममा रहेको जनाइएको छ ।

**लकडाउनमा ...**

सहयोगले अमेरिकामा एउटा चित्रलाई रु २० हजार र अस्ट्रेलियामा रु १२ हजारमा बिक्री हुने गरेको सापकोटाले बताइन् । पोखरामा फुपूदिदीको घरमा बसेर पढ्दा आफूले सिकेको कलाकारितालाई उनले जतनका साथ निखार ल्याउँदै छिन् । नेपालमा पनि अनलाइनबाट चित्र बनाउन माग आउने भन्दै अनलाइनबाटै बिक्री हुने गरेको उनको अनुभव छ ।

चित्र कस्तो, रङ्ग कुन मनपर्ने भन्ने कुरा मानिसको व्यक्तित्वमा भरपर्ने बताउँदै रङ्ग समायोजन गरेर चित्र बनाउने गरेको सापकोटाले उल्लेख गरिन् । "माग (अर्डर) आएका चित्र सबै बनाउन समय पर्याप्त भएको छैन । आइटीको क्षेत्रमा काम गर्ने भएकोले व्यस्तता पनि निकै छ, फुर्सदमा रङ्गहरूसँग खेल्ने गरेकी छु," उनले भनिन् ।

चित्र बिक्री हुँदा र पुरस्कार पाउँदा अझ बढी गरूँगरूँ लाग्ने सापकोटाले अनुभव सुनाइन् । गत वर्ष गण्डकी प्रज्ञा–प्रतिष्ठान र क्यानले संयुक्तरूपमा आयोजना गरेको चित्रकला प्रतियोगितामा पुरस्कृत भएको जानकारी दिंदै उनले त्यसबाट प्राप्त हौसलाले ठूलो ऊर्जाको काम गरेको बताइन् ।

घरमा बसेर आइटीको क्षेत्रमा देश विदेशका काम गर्नु र त्यसबाट फुर्सद निकालेर चित्र बनाउनु अहिले उनको दिनचर्या बनेको छ । आँट र मेहनत गर्ने हो भने जस्तोसुकै कठिन काम गर्न पनि सकिन्छ भन्ने एरिकाले त्यसका लागि तालीम वा प्रत्यक्ष कक्षा लिनु नपर्ने बताइन् । "पछिल्लो समय प्रविधिमा भएको विकासका कारण इन्टनेटको माध्यमबाट जस्तोसुकै काम गर्न र सिक्न सकिंदो रहेछ," उनले भनिन्, "परिवार र आफन्तको सहयोगले आत्मनिर्भर बनाउँदै लगेको छ ।"

अनलाइनबाटै विभिन्न परियोजनाका काम गरिरहेको बताउँदै सापकोटाले चित्रकला कोरिरहँदा मन शान्त र आनन्दित हुने अनुभव सुनाइन् । चित्रकला रोजाइको विषय भएकोले आगामी दिनमा पनि यसलाई निरन्तरता दिने उनको योजना छ ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०८०/८१

# गाउँघरमा दुर्गा पूजाको पण्डाल ठडयाइँदै पर्सा/बारामा लाखौं खर्च गरेर भव्य तयारी

प्रस, परवानीपुर, ९ असोज/

नजीकिँदै गरेको दशैंमा प्रत्येक वर्षझैं यस वर्ष पनि गाउँघरका टोलहरूमा दुर्गा पूजाको तयारी थालिएको छ।

असोज १७ गते घटस्थापना परेको छ। सोको एक महीना अघिदेखि पर्सा र बारामा दुर्गा पूजाको तयारी थालिएको छ।



प्रत्येक वर्ष धूमधामका साथ दुर्गापूजा गर्ने क्रम बढ्दै गएको छ। विभिन्न स्थानमा साजसज्जा गरिएको दुर्गापूजा अहिले ठूलो खर्चमा गर्ने प्रतिस्पर्धा चलेको छ। पण्डाल लगाएर झिलिमिली बत्तीले सजाएर कारीगरद्वारा आकर्षक दुर्गामाताको बडेमाका मूर्तिहरू बनाउने क्रम बढेको छ।

हिन्दू धर्मावलम्बीहरू आफ्नो धर्म र र पर्वप्रति आस्था र श्रद्धा राख्ने गरेका कारण पूजापाठका यस्ता कार्यक्रममा वृद्धि भएको परवानीपुरका पुरोहित दिलीप उपाध्यायले बताए। परवानीपुर बजारमा अहिले दुई ठाउँमा दुर्गापूजाको तयारी थालिएको छ। वीरगंज महानगर–२१ पटेलनगरमा पनि दुई ठाउँमा दुर्गापूजा आयोजना भइरहेको छ।

बाराको परवानीपुर गापा–४ चैनपुरमा विगत एक दशकभन्दा बढी समयदेखि दुर्गापूजा हुँदै आएको छ। वीरगंज महानगरका विभिन्न स्थानमा दुर्गापूजाको भव्य तयारी भइरहेको छ। गण्डकचोक, प्रतिमाचोक, नौतन गण्डक, श्रीपुर, भलुही, घण्टाघर, नगवा, रानीघाट, छपकैया, ड्राइपोर्ट, पोखरिया नपा–४ पोखरिया बजार, बाराको कलैया उपमहानगरपालिकालगायत विभिन्न स्थानमा दुर्गापूजा भव्यताका साथ मनाइने गरिएको छ।

एक महीना अघिदेखि गाउँ, टोल वडाहरूमा दुर्गापूजा समिति गठन गरेर धूमधामका साथ पूजा गरिने दुर्गापूजा समिति पटेलनगरका अध्यक्ष रतन पटेल बताउँछन्। उनका अनुसार यस वर्ष करीब ८५ जना व्रतालुले पूजास्थलमा नवरात्रि पूजा आराधना गर्ने तयारी थालेका छन्। पूजामा करीब पाँच लाखभन्दा बढीको खर्च लाग्ने उनले बताए। चन्दादाताहरूको सहयोगमा सो स्थानमा एक दशक बढी समयदेखि दुर्गापूजा हुँदै आएको उनले बताए।

वीरगंज–पथलैया औद्योगिक करिडोरका औद्योगिक प्रतिष्ठानमा दुर्गापूजाको लागि चन्दा सङ्कलन कार्य भइरहेको वीरगंज उद्योग वाणिज्य सङ्घका एकजना पदाधिकारीले बताए।

उनले लामो समयदेखि पर्सा/बारा औद्योगिक करिडरमा दुर्गापूजालगायतका कार्यक्रममा चन्दा दिने कार्य हुँदै आएको बताए। उनले आर्थिक मन्दी भएपनि गच्छे अनुसारको सहयोग भइरहेको बताए।

# भारतको जिएसटी सरह व्यवस्था गर्न उद्योगी–व्यापारीको माग

प्रस, परवानीपुर, ९ असोज/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवालसमेतको उद्योगी–व्यापारीहरूको टोलीले पूर्वप्रधानमन्त्री एवं नेपाली काङ्ग्रेस सभापति शेरबहादुर देउवालाई भेटेर आफ्ना समस्याहरू बताएका छन्।



मङ्गलवार नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवालाई भेट्दै अध्यक्ष अग्रवाल, पूर्वअध्यक्षहरू अशोक बैद, प्रदीप केडिया, सुबोध गुप्ता, ओमप्रकाश शर्मालगायतले पर्सा/बारा औद्योगिक क्षेत्रका समस्याहरूको बारेमा सभापति देउवालाई अवगत गराएका थिए।

उनीहरूले करको दर घटाउनुपर्ने आग्रह गरे। उनीहरूले भारत सरकारले जिएसटी लगाएर करका अन्य दरहरूलाई विस्थापित गरेझैं नेपालमा पनि सोही अनुसारको कर लागू गर्दा सजिलो हुने बताए। उनीहरूले भन्सार मूल्याङ्कनमा विभिन्न झमेला खडा गरी जरिवाना लगाउने प्रणाली खारेजीको माग गरे।

वास्तविक बिलबीजकको आधारमा भन्सार मूल्याङ्कन गरी मालवस्तु जाँचपासको व्यवस्था हुनुपर्ने सभापति देउवासँग आग्रह गरे। यसैगरी, अग्रिम आयकर अढाई प्रतिशतदेखि १० प्रतिशतसम्म सरकारले लगाएको र साथै सो कर चालू आवमैं फछ्र्योट गर्नुपर्ने नियम व्यवसायीको हितमा नभएको जिकिर गरे।

यो व्यवस्थाले व्यसायीहरूलाई निकै मर्का परेकोले यसमा विचार पुऱ्याउन उनीहरूले आग्रह गरे। यसैगरी, बिगो वा २५ प्रतिशत धरौटी राखेर मुद्दा सुनवाइ हुने घटनामा उद्योगधन्दा चलाउन व्यवसायीसँग पैसा नभएको खण्डमा मुद्दामा धरौटीको नियम पनि खारेज हुनुपर्ने र दोषी ठहर भएपछि सजाय र जरिवानाको व्यवस्था गर्न माग गरेका थिए।

उद्योगी–व्यापारीहरूको गुनासोमा पूर्वप्रधानमन्त्री देउवाले काठमाडौं आएर अर्थमन्त्रीसमक्ष समस्या राख्न सुझाए। उनले उद्योगी–व्यापारीहरूको समस्या समाधानका लागि आफूले पहल गर्ने बताए।




# खेलकूदको संसार

## भुटानलाई हराउँदै नेपाल साफ च्याम्पियनशिपको सेमिफाइनलमा

काठमाडौं, ९ असोज/रासस

भुटानमा जारी साफ यू–१७ च्याम्पियनशिप फूटबल प्रतियोगितामा नेपालले भुटानलाई पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ।

भुटानको थिम्पुस्थित चाङ्लिमिथाङ स्टेडियममा बुधवार भएको समूह 'बी' को अन्तिम खेलमा नेपालले भुटानलाई २–१ को गोलअन्तरले पराजित गर्दै प्रतियोगिताको सेमिफाइनलमा पुगेको हो।



खेलमा पहिलो अग्रता भने भुटानले लियो। खेलको ४३औं मिनेटमा छिमी तोब्देन दोर्जीले गोल गरे। त्यसपछि खेलको ५६औं मिनेटमा नेपालका कृष्णबहादुर आलेले गोल गर्दै खेललाई एक/एक गोलको बराबरीमा ल्याए। यसैगरी, खेलको ८५औं मिनेटमा नेपालका अर्का खेलाडी सुजन डङ्गोलले गोल गर्दै नेपाललाई २–१ को जीत दिलाए।

जीतसँगै नेपाल तीन खेलबाट छ अङ्क जोडेर समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल पुगेको हो। दुई जीत र एक बराबरीसहित सात अङ्क जोडेको पाकिस्तान समूह 'बी'को विजेता बन्दै सेमिफाइनल पुगिसकेको छ।

नेपालले सेमिफाइनलमा समूह 'ए' को विजेता भारतसँग खेल्नेछ। त्यस्तै, अर्को सेमिफाइनल खेलमा पाकिस्तान र बङ्गलादेशबीच प्रतिस्पर्धा हुनेछ। दुवै सेमिफाइनल खेल यही असोज १२ गते हुनेछ।

## नेपाल उज्वेकिस्तानसँग पराजित

काठमाडौं, ९ असोज/रासस

एफसी यू–२० एशियन कप छनोट अन्तर्गतको आफ्नो तेस्रो खेलमा नेपाल उज्वेकिस्तानसँग पराजित भएको छ।

चाइनिज ताइपेको न्यू ताइपेई सिटीमा बुधवार भएको खेलमा नेपाल उज्वेकिस्तानसँग ६–० गोलअन्तरले पराजित भएको हो। खेलको २४ र २७औं मिनेटमा उज्वेकिस्तानका साइदनुरल्लायभले दुई गोल गरे। त्यस्तै, खेलको २९औं मिनेटमा नुर्लान इब्राइमोभले गोल गरेपछि उज्वेकिस्तानले पहिलो हाफमा ३–० को अग्रता बनायो।

त्यसपछि खेलको दोस्रो हाफमा पनि उज्वेकिस्तानले तीन गोल नै थप्यो। उज्वेकिस्तानका लागि मिर्जाएभले ६८औं मिनेटमा गोल गरे भने खेलको ८८औं मिनेटमा मेयिरबेक रेजाबालिएभल एक गोल गरे। खेलको ९०औं मिनेटमा अब्दुगाफुर हेदारोभले गोल गरेसँगै उज्वेकिस्तानले नेपालमाथि ६–० गोलको जीत निकाल्यो।



एशियन छनोटमा समूह 'बी'मा रहेको नेपालको यो दोस्रो हार हो। पहिलो खेलमा कम्बोडियासँग नेपाल ४–१ गोलअन्तरले पराजित भएको थियो। नेपालले दोस्रो खेलमा घरेलु टोली चाइनिज ताइपेईलाई ३–१ गोलअन्तरले पराजित गरेको थियो।

यता उज्वेकिस्तानको यो लगातार दोस्रो जीत हो। उज्वेकिस्तानले पहिलो खेलमा कम्बोडियालाई ७–० गोलअन्तरले पराजित गरेको थियो। लगातार दुई खेल जितेको उज्वेकिस्तानले छ अङ्क जोडेको छ भने तीनवटा खेल खेलेको नेपालको तीन अङ्क नै छ।

नेपालले समूह चरणको आफ्नो अन्तिम खेल यही असोज ११ गते बहराइनसँग खेल्नेछ। समूह 'बी'मा नेपालसहित उज्वेकिस्तान, बहराइन, चाइनिज ताइपेई र कम्बोडिया रहेका छन्। आगामी सन् २०२५ मा हुने एएफसी यू–२० एशियन कप छनोटमा कुल ४५ राष्ट्रको सहभागिता छ। जसलाई विभिन्न १० समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहका विजेता र उत्कृष्ट पाँच उपविजेता यू–२० टोली एशियन कपमा छनोट हुनेछन्।

## आइसिसीको वरीयतामा नेपाल एक स्थान तल

काठमाडौं, ९ असोज/रासस

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसीले)ले सार्वजनिक गरेको एकदिवसीय नयाँ वरीयतामा नेपाल एक स्थान तल झरेको छ।

आइसिसीको नयाँ वरीयताका अनुसार नेपाल एक स्थान तल झर्दै १७औं स्थानमा पुगेको हो। यस अघि नेपाल १६औं स्थानमा थियो। क्यानडामा भएको आइसिसी विश्वकप लिग–२ अन्तर्गत त्रिकोणात्मक सिरिजमा ओमान र क्यानडाविरुद्धको खेलमा नेपाल जीतविहीन बनेको थियो।

नेपालभन्दा तल नामिबिया १८औं स्थानमा छ भने ओमान १९औं स्थानमा छ। त्यसैगरी, संयुक्त अरब इमिरेट्स (युएई) २०औं स्थानमा छ। यसैगरी, नेपालभन्दा माथि अमेरिका रहेको छ। अमेरिकाले एक स्थान सुधार गर्दै १६औं स्थानमा उक्लेको हो। क्यानडाले चार स्थान सुधार गर्दै १५औं स्थानमा पुग्यो।

नयाँ वरीयता अनुसार भारत शीर्ष स्थानमा रहँदा अस्ट्रेलिया दोस्रो तथा दक्षिण अफ्रिका तेस्रो स्थानमा छ। त्यसैगरी, पाकिस्तान चौथो, न्युजिल्यान्ड पाँचौं, श्रीलङ्का छैटौं, इङ्ल्यान्ड सातौं, बङ्गलादेश आठौं, अफगानिस्तान नवौं र वेस्ट इन्डिज दशौं स्थानमा छन्। स्कटल्यान्ड ११औं, आयरल्यान्ड १२औं, जिम्बाब्वे १३औं र नेदरल्यान्ड्स १४औं स्थानमा छन्।

त्यसैगरी, आइसिसीले जारी गरेको 'अलराउन्डर'तर्फको वरीयतामा नेपालका सन्दीप लामिछाने २२ स्थान सुधार गर्दै ४१औं स्थानमा उक्लिएका छन्। अलराउन्डरतर्फ नै तीव्र गतिका बलर करण केसीले ११ स्थान सुधार गर्दै ७६औं स्थानमा उक्लिएका छन्। अर्का तीव्र गतिका बलर गुलशन झा १३ स्थान सुधार गर्दै ९१औं स्थानमा उक्लिएका छन्।

अलराउन्डर वरीयतामा नेपालका दीपेन्द्र सिंह ऐरी ४८औं, कुशल मल्ल ५१औं तथा सोमपाल कामी ५३औं स्थानमा छन्। आइसिसीले जारी गरेको बलिङतर्फको वरीयतामा भने सन्दीप ४८औं स्थानमा यथावत् रहेका छन्। करणले चार स्थान सुधार गर्दै ८७औं स्थानमा उक्लिएका छन्। ब्याटिङतर्फको वरीयतामा आसिफ शेख ११ स्थान तल झर्दै ७९औं स्थानमा पुगेका छन्। यसैगरी, कुशल भुर्तेल चार स्थान तल झर्दै ८०औं स्थानमा छन्।